सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ चैत २०८१, शनिबार (22 Mar 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सरकारको लाज छोप्न म अदालतहरूमा पुगिरहेको छु : लामिछाने



काठमाडौं जिल्ला अदालतको धरौटी मागको आदेशविरुद्ध उच्च अदालत पाटनमा शुक्रबार निवेदन दर्ता गराएपछि रवि लामिछानेले सञ्चारकर्मीसँग भने–

यो देशको भविष्य अब तपाईं-हाम्रो पुस्ताको हातमा आउँदै छ। अहिले गम्भीर हुने समय हो। म तपाईंलाई हेडलाइन दिन्नँ, म लाइफलाइनको कुरा गर्दै छु। अहिले हेडलाइनको चिन्ता गर्ने वेला होइन, न त पक्ष-विपक्षमा बाँड्ने समय हो। सरकारको लाज छोप्न म अदालतहरूमा पुगिरहेको छु। ठाउँ-ठाउँमा जानुपर्ने बाध्यता छ, तर चाँडै समय आउँदै छ। सबैलाई तयार रहन आग्रह गर्छु- गेट रेडी फर द रिभोलुसन !

कमलराज भट्ट/नयाँ पत्रिका

लामो समयदेखि मौन रहेका रास्वपा सभापति रवि लामिछानेले देश संकटमा रहेको भन्दै क्रान्तिका लागि तयार रहन आह्वान गरेका छन्। काठमाडौं जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पाटनमा शुक्रबार निवेदन दर्ता गराएपछि पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेले सञ्चारकर्मीसँग कुरा गर्दै देश संकटमा परेको भन्दै क्रान्तिका लागि तयार रहन अपिल गरेका हुन्।

राजावादीको अभियानका विषयमा रास्वपाको धारणा के हो भन्ने प्रश्नमा लामिछानेले संयमित प्रतिक्रिया दिएका छन्। 'म आवेग वा उत्तेजनामा छैन,' उनले भने, 'किनभने मुलुक अहिले गम्भीर अवस्थामा छ। एउटा जिम्मेवार दलको नेता र जनताले आशा एवं भरोसा राखेको व्यक्तिका रूपमा म आवेगपूर्ण अभिव्यक्ति दिने पक्षमा छैन। तपाईंहरूको प्रश्नको आशय र अर्थ पनि बुझ्छु।'

लामिछानेले वर्तमान परिस्थितिलाई गम्भीर रूपमा लिने वेला आएको बताए। 'यो देशको भविष्य अब तपाईं-हाम्रो पुस्ताको हातमा आउँदै छ। अहिले गम्भीर हुने समय हो,' उनले भने, 'म तपाईंलाई हेडलाइन दिन्नँ, म लाइफलाइनको कुरा गर्दै छु। अहिले हेडलाइनको चिन्ता गर्ने वेला होइन, न त पक्ष-विपक्षमा बाँड्ने समय हो।'

उनले सरकार अहिले पूर्ण

» पृष्ठ २ मा क्रमशः

उच्च अदालत पाटनमा रविले दिए निवेदन

जिल्लाको आदेश बदर गर्न लामिछानेले पेस गरेका पाँच आधार के छन् ?

१ स्वर्णलक्ष्मी सहकारीसँग लामिछानेको कुनै सम्बन्ध नहुनु। सरकारले कारोबारको प्रमाण पेस गर्न नसक्नु। जाहेरवालासँग चिनजान र सम्पर्क नहुनु।

२ गोर्खा मिडियामा लामिछाने लगानीकर्ताका रूपमा प्रवेश नगर्नु र निस्कने वेलामा पनि कुनै फाइदा नलिनु। कम्पनीको कुनै दायित्व व्यहोर्न नपर्ने गरी बोर्डबाट निर्णय गराएर निस्किनु।

३ कम्पनीमा लगानी र आवश्यक पर्ने ऋण सबै मैले गरेको हुँ भनेर जिबी राईले कम्पनीको चार्टर्ड एकाउन्टेनलाई लिखित रूपमा जानकारी गराउनु। र, कम्पनीको बिउपुँजीका लागि राईले मकवानपुरको हेटौंडामा रहेको नौ रोपनी जग्गा बिक्री गरेको व्यहोरासमेत चार्टर्ड एकाउन्टेनको प्रतिवेदनमा उल्लेख हुनु।

४ लामिछाने कम्पनी कानुनले परिभाषित गरेको आर्थिक जिम्मेवारीसहितको प्रबन्ध निर्देशक नभई श्रमजीवी पत्रकार ऐनको दफा ३ (क) बमोजिम ग्यालेक्सी टेलिभिजनको मात्र प्रबन्ध निर्देशक नियुक्त हुनु।

५ कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसार ७६ प्रतिशतभन्दा तल सेयर भएका सदस्यले कुनै पनि प्रस्ताव राख्ने प्रबन्ध नरहेकोमा लामिछाने १५ प्रतिशत विनालगानीको सेयर सदस्य हुनु।

काठमाडौं/ काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनसँग सम्बन्धित मुद्दामा रास्वपा सभापति रवि लामिछानेले उच्च अदालत पाटनमा निवेदन दिएका छन्। ३ माघमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीले उनलाई ६० लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्ने आदेश दिएका थिए। लामिछानेले फौजदारी कार्यविधि संहिताको दफा ६८ बमोजिम धरौटी माग बदर गरी दफा ६९ अनुसार साधारण तारेखमा रहेर मुद्दाको पुर्पक्ष गर्न पाऊँ भनी दफा ७३ बमोजिम निवेदन दर्ता गराएका हुन्।

यसअघि कास्की र रुपन्देही जिल्ला अदालतको आदेशविरुद्ध उनले पुनरावेदन निवेदन दर्ता गरिसकेका छन्। चितवनको सहारा सहकारीसम्बन्धी मुद्दामा त्यहाँको जिल्ला अदालतले २४ माघमा उनलाई ५४ लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्ने आदेश दिएको थियो। तर, त्यसविरुद्ध उनले फौजदारी कार्यविधि संहिताको दफा ७३ बमोजिम उच्च अदालतमा निवेदन दिएका छैनन्। यसबाहेक पर्साको सानो पाइला सहकारीको बचत अपचलनबारे पनि लामिछानेविरुद्ध अनुसन्धान भए पनि अहिलेसम्म मुद्दा दर्ता गरिएको छैन।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सुदूरपश्चिम सरकारले थालेका सात कोल्डस्टोर निर्माण चार वर्षदेखि अलपत्र

सम्झौताअनुसार निर्माण सुरु भएकै वर्ष सम्पन्न हुनुपर्ने सातवटा कोल्डस्टोरको काम अहिले पनि ठप्प छ। ती कोल्डस्टोर निर्माणका लागि पटक-पटक थप गरिएको म्याद पनि गत असारमै सकिएको थियो। तर, अहिलेसम्म निर्माण कम्पनी काममा फर्केका छैनन्।





डोटीको दिपायल सिलगढी नगरपालिका- ४ मा बनाउने भनिएको २५ टन क्षमताको कोल्डस्टोर। भैरव शक्ति निर्माण सेवाले एक वर्षमा सम्पन्न गर्ने गरी ३५ लाख ६८ हजार लागतको यो आयोजना ८ वैशाख ०७८ मा सम्झौता गरेको थियो। तर, जग उठाएर अलपत्र पारिएको छ।

दार्चुलाको महाकाली नगरपालिका- ७ धाँपमा निर्माण गर्ने भनिएको कोल्डस्टोरको जग मात्रै देखिन्छ। ०७८ मा निर्माण सम्झौता भएको कोल्डस्टोरको जग हालेपछि नौ लाख ५६ हजार पेस्की लिएको ठेकेदार कम्पनी बिग एन्ड बी फर्किएको छैन। ४८ लाख १० हजारको यो परियोजनास्थल अहिले घाँस र झाडीले छोपिएको छ। यो र दिपायलबाहेक डोटीको जोरायल गाउँपालिका- १ स्थित २० टन क्षमताको, कैलालीको भजनी नगरपालिका- ३ मा ४० टन क्षमताको, कञ्चनपुरको पुनर्वास नगरपालिका- ५ मा ३० टन क्षमताको, बैतडीको दशरथचन्द नगरपालिका- १ मा पनि २० टन क्षमताको र डडेल्धुराको आलिताल नगरपालिका- ५ मा २५ टन क्षमताको कोल्डस्टोर निर्माण अलपत्र छन्।

■ ५० प्रतिशतसम्म पेस्की लिएर निर्माण कम्पनी सम्पर्कमै नआएपछि ठेक्का तोड्ने तयारी

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारको साढे ६ करोड लगानीमा निर्माणाधीन तथा सम्पन्न भइसकेका १३ कोल्डस्टोर अलपत्र परेका छन्। तीमध्ये सातवटा कोल्डस्टोर निर्माणको काम चार वर्षदेखि ठप्प छ भने निर्माण सम्पन्न भइसकेका ६ वटा कोल्डस्टोरसमेत चिस्यान उपकरण जडान, विद्युत् ट्रान्समिटर जडान नहुँदा सञ्चालनमा आउन सकेका छैनन्।

सम्झौताअनुसार आर्थिक वर्ष ०७७/७८ मा ११ वटा र ०७८/७९ मा दुईवटा गरी १३ कोल्डस्टोर निर्माण थालिएको थियो, जो सोही वर्ष सम्पन्न हुनुपर्ने थियो।

» पृष्ठ २ मा क्रमशः

निर्माण कम्पनीलाई कारबाही गरेर कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाएका छौं, बाँकी काम सक्न यसै वर्ष नयाँ ठेक्कामा लैजान्छौं



● **खगेन्द्रराज शर्मा**, निर्देशक, कृषि विकास निर्देशनालय

निर्माण कम्पनीलाई मन्त्रालयमा बोलाएर पनि बाँकी काम गर्न भनेका थियौं। काम अगाडि बढाउने प्रतिबद्धता पनि जनाए, तर पटक-पटक पत्राचार गर्दा पनि काम भएन। अब निर्माण कम्पनीलाई कारबाही गरेर कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाएका छौं। बाँकी काम सक्न यसै वर्ष नयाँ ठेक्कामा लैजाने योजना छ।

■ निर्माण भएका ६ कोल्डस्टोर सञ्चालनमा पनि पालिकाले देखाएनन् चासो



कैलालीको चुरेमा ५० लाख ६२ हजार लागतमा निर्माण गरिएको कोल्डस्टोर विद्युत् जडान नहुँदा प्रयोगमा आउन सकेको छैन।

कैलालीको लम्कीचुहा नगरपालिका- ४ र कञ्चनपुरको दोधाराचाँदनी नगरपालिका- ६ मा ३०-३० टन क्षमताका तथा कैलालीको चुरे गाउँपालिका- ३ मा २५ टन क्षमताको कोल्डस्टोर निर्माण सम्पन्न भएर सम्बन्धित पालिकालाई हस्तान्तरण गरिएको छ।

विद्युत् जडान नभएकाले चुरे र दोधाराचाँदनीमा कोल्डस्टोर सञ्चालनमा आएका छैनन्। कोल्डस्टोर सञ्चालनमा सम्बन्धित पालिकाले पनि चासो नदिएको निर्देशनालयको भनाइ छ। निर्देशनालयअन्तर्गत सम्बन्धित पालिकाको सहकार्यमा कोल्डस्टोर निर्माणको काम सुरु गरिएको थियो। निर्माण सकिएपछि सञ्चालनको दायित्व पालिकाको रहने सम्झौता छ।

कैलालीको गोदावरी नगरपालिकास्थित अत्तरिया हाटबजारमा ३५० टन क्षमताको कोल्डस्टोर निर्माण सम्पन्न

» पृष्ठ २ मा क्रमशः

दुई उद्योगले बुझ्काए बिजुलीको बक्यौता

न्यौपाने दाजुभाइका दुई उद्योगले तिरे एक करोड ६० लाख बक्यौता, लक्ष्मी स्टिलले पहिलो किस्ताबापत ८४ लाख ९८ हजार र सर्वोत्तम सिमेन्टले दोस्रो किस्ताबापत बुझायो ३७ लाख ६३ हजार

● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



मन्त्रालयले बनाएको जाँचबुझ समितिलाई देखाएर आयोगले कुनै कारबाही नगर्नू भनेपछि हामीले थप काम गर्न सकेका थिएनौं। अहिले उक्त समितिबाट काम नगराउनू भनेर अन्तरिम आदेश आइसकेको छ। अब आवश्यक छलफल गरेर यसमा अघि बढ्छौं। शुक्रबार मात्रै दुई उद्योगले किस्ता तिरेका छन्। अब अन्य उद्योगी पनि बक्यौता तिर्न आउनुपर्छ। सबैले बक्यौता तिर्नुपर्छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

उद्योगीको बक्यौता घटाउने उद्देश्यसहित ऊर्जामन्त्रीले बनाएको जाँचबुझ समितिलाई सर्वोच्च अदालतले वैधानिकता नदिएसँगै लोडसेडिङका वेला प्रिमियम सेवा लिएका उद्योगले बक्यौता बुझाउन सुरु गरेका छन्। लोडसेडिङका वेला पनि २४ घण्टासम्म विद्युत् प्रयोग गरेका दुई उद्योगले प्रिमियम बक्यौताको क्रमशः पहिलो र दोस्रो किस्ता शुक्रबार बुझाएका छन्। प्रिमियम सेवा लिएकामध्ये ३४ उद्योगले बक्यौता तिर्न बाँकी छ।

» पृष्ठ २ मा क्रमशः

■ यी हुन् बक्यौता तिर्न बाँकी ३४ उद्योग

जगदम्बा स्टिल	:	१ अर्ब ६० करोड १८ लाख
रिलायन्स स्पिनिङ मिल्स	:	७५ करोड ३७ लाख
शिवम् सिमेन्ट	:	६६ करोड ८८ लाख
मारुती सिमेन्ट	:	५७ करोड ४५ लाख
घोराही सिमेन्ट उद्योग	:	५० करोड ८५ लाख
अर्घाखाँची सिमेन्ट	:	४४ करोड ८४ लाख
त्रिवेणी स्पिनिङ मिल्स	:	३२ करोड १० लाख
सोनापुर मिनरल	:	२४ करोड ३० लाख
जगदम्बा सिन्थेटिक	:	२० करोड ५० लाख
बुटवल सिमेन्ट	:	१८ करोड ४५ लाख
अशोक स्टिल	:	१७ करोड ५८ लाख
हुलास स्टिल	:	१४ करोड १२ लाख
हिमाल आइरन एन्ड स्टिल	:	१३ करोड ६५ लाख
अरिहन्त मल्टिफाइबर	:	११ करोड ५३ लाख
युनाइटेड सिमेन्ट	:	११ करोड ३७ लाख
कसमस सिमेन्ट उद्योग	:	९ करोड ७७ लाख
एभरेस्ट पेपर मिल	:	९ करोड ४४ लाख
रघुपति जुल मिल	:	८ करोड ५१ लाख
अरिहन्त पोलिप्याक	:	६ करोड ६२ लाख
हामा आइरन	:	५ करोड ८५ लाख
निगाले सिमेन्ट	:	५ करोड ८१ लाख
त्रिवेणी सिन्थेटिक यार्न	:	४ करोड ४० लाख
विशाल सिमेन्ट	:	३ करोड ३५ लाख
बाबा जुट मिल	:	२ करोड ४९ लाख
घराना फुड्स	:	१ करोड ८८ लाख
सिद्धार्थ पेटप्लास्ट	:	१ करोड ८३ लाख
एसआर फुड्स	:	१ करोड ४८ लाख
गोयन्का फुड्स (रुपन्देही	:	१ करोड ४८ लाख
पञ्चकन्या स्टिल उद्योग	:	५२ लाख
श्याम प्लास्टिक उद्योग	:	४९ लाख
भलवारी स्वचालित कारखाना	:	३० लाख
पञ्चकन्या प्लास्टिक उद्योग	:	२५ लाख
एभरेस्ट रोलिङ मिल	:	१७ लाख
एसआर स्टिल उद्योग	:	१६ लाख

झ्याँनयाँ

०१५ सालको आमनिर्वाचनमा पुष्पलालको चुनाव चिह्न बनाउँदा...



संस्मरण

● **नरेन्द्रबहादुर श्रेष्ठ**

मामा पुष्पलालले खैरो रंगको एक चाङ कागज दिनुभयो र चुनाव चिह्न 'तीन घोगा मकै र हँसिया' कोर्न भन्नुभयो

मेरी अप्सरा



समाज

धनकुमारी सुनार

■ सिराहामा दलितको घरमा डोजर प्रकरण

औंरही गाउँपालिका अध्यक्ष शिवजी र जनमतका पालिका अध्यक्ष दिलीप पक्राउ

■ घटनामा संलग्नमाथि जातीय छुवाछुत र विभेद तथा घर तोडफोड गरी विस्थापन कसुरमा जाहेरी दिने तयारी



शिवजी यादव



दिलीपकुमार यादव

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहामा विष्णु महायज्ञका लागि मण्डप बनाउने नाममा दलित परिवारको घरमा डोजर चलाइएको घटनामा औंरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्षसमेत रहेका जनमत पार्टीका पालिका अध्यक्ष दिलीपकुमार यादव पक्राउ परेका छन्। जसपा नेपाल जिल्ला सदस्यसमेत रहेका शिवजी १७ चैतदेखि आयोजना हुने भनिएको विष्णु महायज्ञ आयोजक समितिका अध्यक्ष पनि हुन् भने दिलीप समितिका सचिव हुन्।

सोधपुछका लागि दुवैजनालाई शुक्रबार साँझ ५ बजे नियन्त्रणमा लिइएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी लालमणि आचार्यले बताए। 'दुवैजना

» पृष्ठ २ मा क्रमशः

■ घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै काठमाडौंमा प्रदर्शन



सिराहा घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै शनिबार काठमाडौंमा प्रदर्शन गरिएको छ। दलितका लागि दलित अभियानको संयोजनमा दलित अधिकारवादी संघसंस्थाले प्रदर्शन गरेका हुन्। 'दलितलाई खै ?' प्लेकार्ड बोकेका अभियन्ताले माइतीघरदेखि नयाँ बानेश्वरसम्म प्रदर्शन गरे। अभियानका संयोजक खगेन्द्र सुनारले गाउँपालिकाका अध्यक्षको संलग्नतामा दलित परिवारको घरमाथि डोजर चलाएर दमन गरिएको बताए। उनले भने, 'यो घटनाको विरोधमा हातखुट्टामा नेल लगाएर प्रदर्शन गरेका हौं, घटनामा संलग्नमाथि कानुन कारबाही हुनुपर्छ।'

तस्बिर : **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

२० चैतभित्र स्ववियु निर्वाचन सक्न त्रिविको निर्देशन



शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन हुन बाँकी आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा २० चैतभित्र चुनाव गरिसक्न निर्देशन दिएको छ।

५ चैतमा निर्वाचन तय भए पनि कतिपय आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा चुनावी प्रक्रिया रोकिएपछि त्रिविले शैक्षिक क्यालेन्डरमा असर

» पृष्ठ २ मा क्रमशः

कहाँ-कहाँ रोकियो चुनाव ?

त्रिविअन्तर्गत एक हजार ५३ वटा क्याम्पस भए पनि आंगिकसहित ४६२ मा स्ववियु चुनाव तय भएको थियो। त्रिवि प्रशासनका अनुसार चुनाव तय भएका ६२ आंगिकमध्ये २१ र सम्बन्धनप्राप्तमध्ये ३६० मध्ये १४० मा चुनाव हुन बाँकी छ। काठमाडौं उपत्यकामा त्रिवि केन्द्रीय क्याम्पस, आरआर, शंकरदेव, विश्वभाषा, पाटन, अमृत साइन्सलगायत क्याम्पसमा चुनाव हुन सकेको छैन। केन्द्रीय क्याम्पसमा शुक्रबारका लागि चुनाव तय भए पनि अदालतमा रिट परेपछि चुनावी प्रक्रिया अघि बढेको छैन। त्रिविले अमृत साइन्स र पोखराको पृथ्वीनारायण क्याम्पसमा ९ चैतका लागि मिति तय गरेको छ। चितवनको वीरेन्द्र क्याम्पसमा शनिबार चुनाव हुने भनिए पनि निश्चित छैन। पाटन संयुक्त क्याम्पसमा १६ चैतमा चुनाव तय भएको छ।

प्रेस चौतारीको दसौं महाधिवेशन सुरु नहुँदै बालुवाटारले तोक्यो अध्यक्ष

नयाँ पत्रिका

एमालेसम्बद्ध पत्रकारहरूको संगठन प्रेस चौतारी नेपालको दसौँ महाधिवेशन सुरु हुनुअगाडि नै अध्यक्ष केपी ओलीले पार्टी प्रचार तथा प्रकाशन विभागका सचिव गणेश पाण्डेलाई अध्यक्ष बनाउने निर्णय गरेका छन् । चौतारीको महाधिवेशन आइतबार कोशी प्रदेशको विराटनगरमा सुरु हुँदै छ ।

महाधिवेशनअगावै बुधबार प्रधानमन्त्रीनिवास बालुवाटारमा मोर्चा संगठन प्रमुख भानुभक्त ढकाल, प्रचार विभाग प्रमुख तथा चौतारीका इन्चार्ज राजेन्द्र गौतम र अध्यक्ष गणेश बस्नेतलाई बोलाएर पाण्डेलाई अध्यक्ष बनाउन निर्देशन दिएका हुन् । अध्यक्षसँग भएको छलफल र निर्णयका आधारमा चौतारीको अध्यक्षसहित पदाधिकारीहरू सर्वसम्मत चयनका लागि पहल भइरहेको इन्चार्ज गौतमले बताएका छन् ।

पाण्डेले चौतारीको अध्यक्ष बन्नकै लागि प्रचार विभाग सचिवबाट शुक्रबार पार्टी केन्द्रीय कार्यालयमा राजीनामा बुझाएका छन् । तर, उनको राजीनामा भने औपचारिक

> ओलीले दुईपटक निर्णय फेर्दै प्रचार विभाग सचिव पाण्डेलाई तोके अध्यक्ष, उपाध्यक्ष राईले घोषणा गरे अध्यक्षमा उम्मेदवारी

रूपमा स्वीकृत गरिएको छैन ।

यसअघि अध्यक्ष ओली तथा महासचिव शंकर पोखरेलले अर्का उपाध्यक्ष राजेश राईलाई सर्वसम्मत अध्यक्ष बनाउने सन्देश दिएका थिए । उनलाई सर्वसम्मत अध्यक्ष बनाउने भनिएकैले पाण्डेलाई विभागको सचिव बनाइएको चौतारीमा चर्चा हुँदै आएको थियो ।

गत १६ फागुनमा प्रधानमन्त्री ओलीले पाण्डेलाई सचिव बनाएर राईलाई चौतारीको अध्यक्ष बनाउने गरी सहमति जुटाएका थिए । त्यसलगत्तै १८ फागुनमा बसेको एमाले केन्द्रीय सचिवालय बैठकले उनलाई सचिव बनाएको थियो ।

बैठकमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पाण्डेलाई सचिव बनाउने प्रस्तावप्रति प्रश्न उठाएपछि अध्यक्ष ओलीले अधिकांश नेताहरूले राईकै अवस्था बलियो भएको रिपोर्टिङ गरेको र नेतृत्वमा अगाडि सार्दा उपयुक्त हुने सुझाव दिएको भन्दै निर्णय गराएका थिए ।

पाण्डेले प्रचार विभाग बैठकमा पद तथा गोपनीयताको शपथ लिएर कार्यभार पनि सम्हाले । तर, अचानक बुधबार पुनः पाण्डेलाई अध्यक्षमा सार्ने निर्णय भएपछि राईले चुनावी प्रतिस्पर्धाका लागि शुक्रबार अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् । घोषणामार्फत आगामी दिनका कार्ययोजना पनि राईले सार्वजनिक गरेका छन् । त्यस्तै, अध्यक्ष ओलीले महासचिव चेतन अधिकारी बनाउन निर्देशन दिएका छन् । उनी प्रधानमन्त्री हुँदा प्रेस संयोजक रहेका अधिकारीलाई संस्थापनका तर्फबाट उम्मेदवारका रूपमा अगाडि सारिएको छ ।

महिनावारी विभेदको अन्त्यसम्बन्धी संकल्प प्रस्ताव सर्वसम्मत पारित

काठमाडौं/ मर्यादित महिनावारीका लागि महिनावारी विभेद अन्त्यसम्बन्धी संकल्प प्रस्ताव राष्ट्रिय सभाले सर्वसम्मत पारित गरेको छ । राष्ट्रिय सभा सदस्य मदनकुमारी शाह (गरिमा)ले शुक्रबारको बैठकमा प्रस्तुत गरेको संकल्प प्रस्तावलाई छलफलपछि सभाले अनुमोदन गरेको हो ।

संकल्प प्रस्ताव पारित भएपछि राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले त्यसमा उल्लिखित विषय कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन दिए । साथै कार्यान्वयनको अनुगमन गर्न सम्बन्धित समितिलाई समेत जिम्मेवारी तोकिएको छ । १८ माघमा दर्ता भएको शाहको प्रस्तावमा सुमित्रा बिसी, विष्णुकुमारी सापकोटा, गंगा बेल्बासे, पूजा चौधरी र डा. अञ्जान शाक्यले समर्थन जनाएका थिए ।

संकल्प प्रस्तावमा महिनावारी हुने बालिका तथा महिलाले यस अवधिमा भोग्नुपर्ने सामाजिक बहिष्करण, हिंसा, विभेद तथा तिनका कारण उत्पन्न शारीरिक र मानसिक पीडा एवं असुरक्षाले समग्र व्यक्तित्व विकास अवरुद्ध गर्ने उल्लेख छ । यस्तो विभेद अन्त्य गर्न तथा सामाजिक न्याय, मौलिक अधिकार र मानव अधिकारको रक्षा सुनिश्चित गर्न कानुनी तथा संरचनागत सुधार आवश्यक रहेको प्रस्तावमा उल्लेख छ ।

फर्किइन् परराष्ट्रमन्त्री

काठमाडौं/ स्वास्थ्य जाँच, तीर्थस्थल भ्रमण र रायसिना संवादमा भाग लिएर परराष्ट्रमन्त्री आरजु राणा देउवा भारत गएको १२औँ दिन शुक्रबार स्वदेश फर्केकी छन् । रायसिना संवादमा सहभागी हुने क्रममा उनले भारतीय विदेशमन्त्री डा. एस. जयशंकरसँग भेटवार्ता गरेकी थिइन् । समकक्षी जयशंकरले नेपालमा लोकतान्त्रिक प्रणालीको पक्षमा भारतको सहयोग स्पष्ट रहेको बताएका उनले बताइन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै राणाले भनिन्, 'भारत नेपालमा लोकतान्त्रिक प्रणालीको समर्थनमा छ भन्ने मैले पाएँ । उहाँहरू लोकतान्त्रिक प्रणालीका पक्षमा हुनुहुन्छ भन्ने हरेक गतिविधिबाट बुझ्न जरुरी छ । उहाँहरू यो सरकारसँग इन्गेज्ड हुनुहुन्छ ।' सरकारले ४ देखि ६ चैतसम्मका लागि उनको भ्रमण स्वीकृत गरेको थियो । तर, परराष्ट्रमन्त्री राणा त्यसको एक साताअघि नै भारत गएकी थिइन् ।

दुई उद्योगले...

पृष्ठ १ बाट क्रमशः

शुक्रबार नवलपरासी सुनवलमा रहेको लक्ष्मी स्टिलले पहिलो र सुनवलमै सञ्चालित अर्को उद्योग सर्वोत्तम सिमेन्टले बक्यौताबापतको दोस्रो किस्ता बुझाएका हुन् । उद्योगलाई २८ महिनाको किस्ता सुविधा दिने गरी प्राधिकरणको निर्णयअनुसार उनीहरूले किस्ता बुझाएका हुन् ।

प्राधिकरणको किस्तामा बुझाउन सकिने निर्णयअनुसार शुक्रबार लक्ष्मी स्टिलले पहिलो किस्ताबापत ८४ लाख ९८ हजार रुपैयाँ बुझाएको हो । उद्योगको २३ करोड ७९ लाख रुपैयाँ बक्यौता थियो । विद्युत् प्राधिकरणको परासी वितरण केन्द्र प्रमुख सुरज रेग्मीले अन्य किस्ता पनि नियमित तिर्ने प्रतिबद्धता लक्ष्मी स्टिलबाट आएको बताए । प्राधिकरणको पछिल्लो निर्णयअनुसार माघ ०७२ देखि वैशाख ०७५ (२८ महिना) सम्मको बक्यौता उठाउन लागिएको छ ।

यसैगरी सुनवलमै सञ्चालित अर्को ठुलो उद्योग सर्वोत्तम सिमेन्टले शुक्रबार नै बक्यौताबापतको दोस्रो किस्ता बुझाएको छ । २८ किस्तामा बक्यौता तिर्ने गरी यसअघि नै प्रतिबद्धता जनाएको उद्योगले शुक्रबार दोस्रो किस्ताबापत ३७ लाख ६३ हजार रुपैयाँ बुझाएको हो । उद्योगको बक्यौता ११ करोड ९६ लाख रुपैयाँ थियो । त्यसमा उद्योगले गत १० कात्तिक पहिलो किस्ता तिरेको थियो ।

तर, त्यसपछि ऊर्जा मन्त्रालयले २ मंसिरमा उद्योगीको बक्यौता घटाउने उद्देश्यसहित जाँचबुझ समिति बनाएपछि उक्त उद्योग दोस्रो किस्ता तिर्न आएको थिएन । सोही समितिलाई देखाएर विद्युत् नियमन आयोगले ११ मंसिरमा बक्यौता असुलीको कारबाही यथास्थितिमा राख्न निर्देशन दिएको थियो । त्यसपछि उद्योग थप किस्ता तिर्न आएको थिएन ।

तर, गत आइतबार अर्थात् ३ चैतमा सर्वोच्चले उक्त समिति गठनमा कानुनी आधार नभएको भन्दै समितिमार्फत कुनै पनि कामकारबाही नगराउन अन्तरिम आदेश दिएको छ । त्यसपछि प्राधिकरणलाई बक्यौता उठाउने बाटो खुला भएको छ । त्यसपछि उद्योगले आफैँ आएर दोस्रो किस्ता तिरेको हो । सर्वोत्तम सिमेन्ट र लक्ष्मी स्टिल उद्योगी विष्णु न्यौपानेको हो । विष्णुले सर्वोत्तम सिमेन्ट र उनका भाइ टीकारामले लक्ष्मी स्टिललाई नेतृत्व गर्दै आएका छन् । यसरी अन्य उद्योगीले बक्यौता तिर्न आनाकानी गर्दै गर्दा न्यौपाने दाजुभाइले भने एक करोड ६० लाख २४ हजार रुपैयाँ बक्यौता तिरिसकेका छन् ।

सरकारको...

पृष्ठ १ बाट क्रमशः

नांगिएको आरोप लगाउँदै भने, 'सरकारको लाज छोप्न म अदालतहरूमा पुगिरहेको छु । ठाउँ-ठाउँमा जानुपर्ने बाध्यता छ, तर चाँडै समय आउँदै छ । सबैलाई तयार रहन आग्रह गर्छु- गेट रेडी फर द रिभोलुसन !'

सभापति लामिछानेले बोल्ने समय नजिक आएको र बोलेपछि धेरैको बोली बन्द हुने दाबी गरे । 'मैले बोल्ने समय नजिक आउँदै छ । अहिले नै म बोलेँ भने दुईतिहाइको सरकारलाई गाह्रो पर्ला, त्यसैले मलाई बोल्न नलगाउनुस् । जब म बोल्ने समय आउँछ, त्यसपछि धेरैको बोली बन्द हुन्छ,' उनले भने । लामिछानेको अभिव्यक्तिको आशयबारे प्रश्न गर्दा सांसद सोबिता गौतमले भनिन्, 'रास्वपा अहिले गम्भीर आत्मसमीक्षामा छ । जुन धरातलमा बसेर पार्टी स्थापना भयो र अभ्यास भए, त्यसको समीक्षा गर्दै कस्तो नीति लिने भनेर गृहकार्य भइरहेको छ । सभापतिले त्यसैलाई संकेत गर्नुभएको हो । यद्यपि, तयारी पूर्ण भइसकेको छैन ।'

सुदूरपश्चिम...

पृष्ठ १ बाट क्रमशः

पटक-पटक म्याद थप गरिए पनि अन्तिम म्याद गत असार मसान्तमा सकिएको थियो, तर निर्माण कम्पनी अहिलेसम्म काममा फर्केका छैनन् ।

सरकारको शतप्रतिशत लगानीमा कृषि विकास निर्देशनालयअन्तर्गत निर्माण गरिएका यी कोल्डस्टोरको कुल लागत ६ करोड ६२ लाख रहेको छ । निर्देशनालयका अनुसार हालसम्म चार करोड ९४ लाख खर्च भइसकेको छ ।

कून कोल्डस्टोरको अबस्था के ?

२५ टन फलफूल, तरकारी राख्न मिल्ने शीतभण्डार (कोल्डस्टोर) बनाउन दार्चुलाको महाकाली नगरपालिका- ७ धाँपमा चार वर्षअघि जग हालियो । सुदूरपश्चिम प्रदेश सरकारबाट नौ लाख ५६ हजार पेस्की लगेर गएका बिग एन्ड बी कम्पनीका प्रतिनिधि फर्किएका छैनन् । ४८ लाख १० हजारको परियोजनाको जग घाँस र झाडीले छोपिएको छ । 'जग हालेपछि कुनै काम भएको छैन, ठेकेदार पनि काम गर्न आएका छैनन्,' धाँपका वडाध्यक्ष सोवनसिंह रैखोलाले भने, 'कोल्डस्टोर निर्माणमा वडासँगै कुनै समन्वय भएको छैन ।'

डोटीको दिपायल सिलगढी नगरपालिका- ४ मा पनि २५ टन क्षमताको कोल्ड स्टोर निर्माणका लागि जग हाल्नुबाहेक कुनै काम भएको छैन । भैरवशक्ति निर्माण सेवासँग ३५ लाख ६८ हजार लागतमा ८ वैशाख ०७८ मा निर्माण सम्झौता भएअनुसार जग हालिएको हो । तर, त्यसपछि कम्पनी नै सम्पर्कविहीन छ । तरकारी संकलन केन्द्रका लागि जस्तापाता (टिन) हालेर बनाइएको छाप्रोमा अहिले स्थानीयले भैँसी बाँध्ने गरेका छन् । 'कोल्डस्टोरको काम नै अगाडि बढेको छैन, तरकारी राख्ने छाप्रोमा स्थानीयले गाईभैँसी बाँध्छन्,' वडाध्यक्ष अशोक सोवले भने, 'राज्यको लगानी खेर गएको छ । कोल्डस्टोर बनेको भए किसानले सिजनमा उत्पादन गरेको तरकारी, फलफूल राखेर लाभ पाउँथे । दुई वर्षदेखि काम अलपत्र छ । ठेकेदार र प्रदेश सरकारले लापरबाही गरेका छन् ।'



कञ्चनपुरको पुनर्वास नगरपालिका- ५ मा अलपत्र ३० टन क्षमताको कोल्डस्टोर

डोटी र दार्चुलाका यी दुई कोल्डस्टोर परियोजनाजस्तै बैतडीको दशरथचन्द नगरपालिका- १ मा २० टन क्षमताको कोल्डस्टोर निर्माणको ठेक्का लिए बिग एन्ड बी कम्पनीले काम अलपत्र पारेको छ । ०७८ वैशाखमा निर्माण सम्झौता भए पनि भौतिक प्रगति ६० प्रतिशत मात्र रहेको कृषि विकास निर्देशनालयका निर्देशक खगेन्द्रराज शर्माले बताए । ४७ लाख ५१ हजार सम्झौता रकममध्ये ३२ लाख १२ हजार भुक्तानी लिएपछि निर्माण कम्पनी काममा फर्केको छैन ।

डोटीको जोरायल गाउँपालिका- १ मा २० टन क्षमताको कोल्डस्टोर निर्माण पनि अलपत्र छ । कृषि विकास निर्देशनालयका अनुसार जोरायलमा ६५ प्रतिशत काम पूरा भएको छ । कोल्डस्टोर निर्माणको ठेक्का पाएको भूमिराज रोशन निर्माण सेवाले पनि ३९ लाख ७७ हजार रुपैयाँमध्ये २० लाख २४ हजार भुक्तानी लगिसकेको निर्देशनालयका कृषि इन्जिनियर कोशराज बडूले बताए । बाँकी काम सम्पन्न गर्न १२ पटकसम्म पत्राचार गर्दा पनि सम्बन्धित निर्माण कम्पनी सम्पर्कमा नआएको निर्देशनालयले जनाएको छ । 'केही समयअघि मन्त्रालयमा बोलाएर पनि निर्माण कम्पनीलाई बाँकी काम गर्न भनेका थियौँ । छलफलमा उनीहरूले काम अगाडि बढाउने प्रतिबद्धता पनि जनाए,' इन्जिनियर बडूले भने, 'तर काम गरेनन् ।' बिचमा एक आर्थिक वर्ष भने बजेट विनियोजन नभएको उनले बताए ।

कैलालीको भजनी नगरपालिका- ३ मा ४० टन क्षमताको कोल्डस्टोर निर्माणको काम पनि अलपत्र छ । ४ जेठ ०७८ मा सम्झौता भएको कोल्डस्टोरको भौतिक प्रगति ६० प्रतिशत छ । कोल्डस्टोर निर्माणको ठेक्का पाएको जी एन्ड जे निर्माण सेवाले सम्झौताको ४१ लाख ६३ हजारमध्ये २२ लाख ६६ हजार भुक्तानी लिएर काम अलपत्र छोडेको हो ।

कञ्चनपुरको पुनर्वास नगरपालिका- ५ मा ३० टन क्षमताको र डडेल्धुराको आलिताल नगरपालिका- ५ मा २५ टन क्षमताका कोल्डस्टोर पनि बेवारिसे छ । दुवै कोल्डस्टोर निर्माणको ठेक्का ०७८ वैशाखमा भएको थियो । पुनर्वासमा भौतिक प्रगति ७५ प्रतिशत रहे पनि बाँकी काम ठप्प रहेको कृषि विकास निर्देशनालयका निर्देशक शर्माले बताए । निर्माण कम्पनी पुरुषोत्तम कन्स्ट्रक्सनले ६१ लाख ९७ हजार लागतमध्ये ३३ लाख ९८ हजार भुक्तानी लगेको छ ।

आलितालमा पनि यही निर्माण कम्पनीले ठेक्का पाएको थियो । निर्देशक शर्माका अनुसार आलितालमा भौतिक प्रगति ८५ प्रतिशत छ । त्यहाँ ५३ लाख १४ हजार लागतमध्ये ३९ लाख ४६ हजार भुक्तानी भइसकेको छ । ०७८ वैशाखमा निर्माण सम्झौता भएको थियो ।

शर्माका अनुसार पेस्की रकम ब्याजसहित फिर्ता गर्न निर्माण कम्पनीलाई यसअघि नै पत्राचार गरिएको थियो । निर्माण कम्पनी काममा नफर्किएपछि अहिले कारबाही प्रक्रिया अगाडि बढाइएको छ । 'पटक-पटक पत्राचार गर्दा पनि काम भएन । अहिले निर्माण कम्पनीलाई कारबाही गरेर कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाएका छौँ,' शर्माले भने, 'बाँकी काम सक्न यसै वर्ष नयाँ ठेक्कामा लैजाने योजना छ ।'

निर्माण भएका...

पृष्ठ १ बाट क्रमशः

भएर हस्तान्तरण हुन बाँकी छ । त्यस्तै, अछामको साँफेबगर नगरपालिका- ६ र बाजुराको बडिमालिका नगरपालिका- ८ मा २५-२५ टन क्षमताका कोल्टस्टोरको निर्माण कार्य पूरा भएर पालिकालाई हस्तान्तरण गर्ने तयारी रहेको उनले बताए ।

अत्तरिया हाटबजार व्यवस्थापन समितिका अध्यक्ष नन्दलाल भट्टले कोल्डस्टोर सञ्चालन नहुँदा किसान मारमा परेको बताए । 'निर्देशनालयले पूरा भएको भन्छ, तर कोल्डस्टोरमा काठ बिच्छ्याउने र केही मेसिनरी सामान राख्ने काम अझै बाँकी छ,' भट्टले भने, 'निर्माणमा प्रदेश सरकार र निर्माण कम्पनीको चरम लापरबाही छ ।' कोल्डस्टोर नहुँदा तरकारी र फलफूल सडेर फाल्नुपर्ने अवस्था रहेको उनले बताए । पालिकाले अपनत्व नलिँदा कोल्डस्टोर निर्माण र सञ्चालनमा समस्या देखिएको निर्देशनालयका कर्मचारी बताउँछन् । 'कुन ठाउँमा आवश्यक छ भन्ने आधारमा नभई राजनीतिक पहुँचका आधारमा सरकारले कोल्डस्टोरका योजना ल्यायो,' एक कर्मचारीले भने, 'निर्माण र सञ्चालनमा पालिकाले पनि अपनत्व लिएनन् ।'

निर्माण भएका ६ मध्ये तीन कोल्डस्टोर गत मंसिरमा सम्बन्धित पालिकालाई हस्तान्तरण गरिएको थियो । तर, विद्युत् ट्रान्समिटर जडान गरिएको छैन ।

कैलालीको लम्कीचुहा नगरपालिका- ४, कञ्चनपुरको दोधाराचाँदनी नगरपालिका- ६ मा ३०-३० टन क्षमताका तथा कैलालीको चुरे गाउँपालिका- ३ मा २५ टन क्षमताका कोल्डस्टोर हस्तान्तरण भएर पनि सञ्चालनमा आउन नसकेका हुन् ।

कृषि विकास निर्देशनालयका निर्देशक खगेन्द्रप्रसाद शर्माले कोल्डस्टोर सञ्चालनमा सम्बन्धित पालिकाले पनि चासो नदिएको आरोप लगाए । 'प्रदेश सरकारको शतप्रतिशत लगानी हो । सम्बन्धित पालिकाको सहकार्यमा कोल्डस्टोर निर्माण भएको हो,' उनले भने, 'हामीले हस्तान्तरण गरिसकेका छौँ, सञ्चालनको दायित्व पालिकाको रहने सम्झौतामै छ ।'

चुरे गाउँपालिका- ३ का वडाध्यक्ष खगेन्द्र खडायतले चाँडै ट्रान्समिटर जडानको काम हुने बताए । 'अघिल्लो वर्ष पैसा थिएन, यसपालि गाउँपालिकाले बजेट विनियोजन गरेको छ, कोल्डस्टोरसम्म विद्युत् ल्याउन तीन-चारवटा पोल राख्नुपर्छ । यस वर्ष नै विद्युत् जोडेर कोल्डस्टोर सञ्चालनमा ल्याउँछौँ ।'

औरही गाउँपालिका...

पृष्ठ १ बाट क्रमशः

प्रहरीमा हुनुहुन्छ,' आचार्यले भने 'पीडितबाट जाहेरी परेपछि थप अनुसन्धान र कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउँछौँ ।' पीडित परिवारले शनिबार प्रहरीमा उजुरी दिने तयारी गरेका छन् ।

दुवैजनाको उपस्थितिमा १० फागुनमा दीपक मल्लिक (डोम)को घरमा जेसिबी चलाइएको थियो । महात्यागी भनिने बजरंगी बाबाको निर्देशनमा घर भत्काइएको थियो भने घरले चर्चेको जग्गाको माटोसमेत ताछेर फ्याँकिएको थियो । जबकि ऐलानी जग्गामा बनेको घर दुई वर्षअघि मात्र मधेश प्रदेश सरकारले जनता आवास कार्यक्रममार्फत बनाइदिएको हो ।

राष्ट्रिय दलित आयोगका पूर्वसदस्य कबुली पासवानका अनुसार घटनामा संलग्नमाथि जातीय छुवाछुत र विभेद तथा घर तोडफोड गरी विस्थापन गरेको कसुरमा शनिबार प्रहरीमा उजुरी दिने तयारी छ । यसबाहेक गाउँपालिका अध्यक्ष यादवले पदीय दुरुपयोग गरी घर तोडफोड गरेकाले अध्यक्षबाट निलम्बन गरी कारबाहीको मागसहित जिल्ला प्रशासन र दलित आयोगमा पनि पनि उजुरी दिइने उनले बताए ।

यो घटना मिडियामार्फत सार्वजनिक भएपछि प्रहरीले दुवैजनालाई नियन्त्रणमा लिएको हो । गाउँपालिका अध्यक्ष यादवसहित महायज्ञ आयोजकले पालिकाका तर्फबाट घर हटाउन पटक-पटक पत्राचार गरेको र त्यसपछि डोम परिवारको लिखित मञ्जुरी लिएर घर भत्काएको दाबी गर्दै आएका थिए । जबकि पीडितको मञ्जुरीनामा भनिएको कागजमा घर भत्काएको भोलिपल्ट ११ फागुनको मितिमा 'जग्गाको प्रमाण हो' भन्दै पालिकाका कर्मचारी मनोजकुमार यादवले सही गर्न लगाएको खुलिसकेको छ ।

२० चैतभित्र...

पृष्ठ १ बाट क्रमशः

परेको भन्दै समयसीमा नै तोकेर क्याम्पस प्रशासनलाई निर्देशन दिएको हो । त्रिविका शिक्षाध्यक्ष प्राडा खड्ग केसीले चुनाव लम्बिँदै जाँदा शैक्षिक क्यालेन्डर बिथोलिने र पढाइ प्रभावित हुने भएकाले २० चैतको समयसीमा दिइएको बताए । 'स्ववियु चुनावका लागि त्रिविका केही परीक्षा सारिएको छ । स्नातक तह र स्नातकोत्तर तहको पठनपाठन रोकिएको छ,' उनले भने, 'यसबारेमा विद्यार्थी संगठनले पनि बुझ्नुपर्छ ।' यद्यपि, प्राविधिक विषय पढाइ हुने क्याम्पसमा भने नियमित कक्षा सञ्चालन भइरहेका छन् ।

हालसम्मको नतिजाअनुसार नेविसंघले ११९, अनेरास्ववियुले ९५ र अखिल क्रान्तिकारीले ८४ क्याम्पसमा जितेका छन् । अन्य चारवटा क्याम्पसमा स्वतन्त्र उम्मेदवारले जितेका छन् । त्रिवि प्रशासनका अनुसार चुनाव तय भएका ६२ आंगिकमध्ये २१ र सम्बन्धनप्राप्तमध्ये ३६० मध्ये १४० मा चुनाव हुन बाँकी छ ।

संस्थापक तथा कर्मचारीहरूलाई बाँडफाँट गरिएको शेयरहरूको लक इन (Lock In) अवधि समाप्त हुने बारेको अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८१/१२/९

यस उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको साधारण शेयर मिति २०७८/१२/२५ गतेदेखि मिति २०७८/१२/३० गतेसम्म सर्वसाधारणमा (कर्मचारीहरू समेतमा) निष्काशन तथा बिक्री खुल्ला गरी मिति २०७९/०१/०९ गते बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ । नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१, चलानी नं.: १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको साधारण शेयर सार्वजनिक निष्काशन गरी बाँडफाँट गरिएको मिति २०७९/०१/०९ गते ले तीन वर्ष समाप्त नभएसम्म कर्मचारीहरूलाई बाँडफाँड गरिएको शेयर र संस्थापकहरूको शेयर लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लक इनमा राखिएको र कर्मचारीहरूलाई बाँडफाँड गरिएको शेयर र संस्थापकहरूको शेयर मिति २०८२/०१/०८ मा लक इनको समायावधि समाप्त हुने हुँदा यस संस्थाका कर्मचारीहरू तथा नियामक निकायहरू लगायत अन्य सम्पूर्ण सरोकारवालाहरूमा जानकारीका लागि अनुरोध छ ।

यस संस्थाको संस्थापक तथा साधारण शेयरहरू लक इनमा रहेको सम्बन्धी विवरणः

संस्थापकहरूको शेयर	: ४,२०,०००/-
कर्मचारीहरूलाई बाँडफाँट गरिएको शेयर संख्या	: ३,२८१/-

उपकार लघुवित्त वित्तिय संस्था लि.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

ङादी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३., महाराजगंज, चक्रपथ, फोन नं.: ०१-५७०५१५९/५७०५६०८
इमेलः nyadigroup06@gmail.com / वेभसाइट : www.ngpl.com.np
को

अवितरित हकप्रद शेयरको बाँडफाँट तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

ङादी ग्रुप पावर लिमिटेडको **सर्वसाधारणतर्फको ८,७३,०६१.२२५ कित्ता** अवितरित हकप्रद शेयरहरु मिति २०८१/११/२० गतेदेखि २०८१/११/२८गतेसम्म शिलबन्दी बोलपत्रद्वारा खरीद गर्न आव्हान गरिएकोमा सो अवधिभित्र प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८१/१२/०४ गतेका दिन खोली मिति २०८१/१२/०८ गते निष्काशनकर्ता कम्पनीको संचालक समितिले बाँडफाँट गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरुको बाँडफाँटमा नपरेको शेयर वापतको रकम फिर्ता भुक्तानी मिति २०८१/१२/११ गते सोमबारदेखि आवेदकले आफ्नो आवेदन फाराममा उल्लेख गरेको बैंक/वित्तीय संस्थाको खातामा IPS मार्फत रकमान्तर गरिने व्यहोरा जानकारी गराउँदछौं । साथै आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गरि रकम जम्मा नभएको खण्डमा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सर्म्पक राख्न हुन सूचित गरिन्छ ।

साथै बाँडफाँटको अन्तिम मूल्य (Cut-off Price) रु.२६६।२० (अक्षेरेपी दुई सय छैसट्ठी रुपैया बीस पैसा) रहेको जानकारी गराउंदछौं । साथै, बाँडफाँटको विवरण बिक्री प्रबन्धकको वेभसाइटः www.siddharthacapital.com बाट हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

बिक्री प्रबन्धकः
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान

(प्रकाशित मिति : २०८१/१२/०९)

यस बैंकको गैह्र बैकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालय समयभित्र यस बैंकको गैह्र बैकिङ्ग सम्पत्ति विभाग, दरवारमार्ग, काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ । उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मिति :२०८१ चैत्र २३ गते शनिवार ।
बोलपत्र खोलिने मिति : २०८१ चैत्र २४ गते आइतवार ।
समय : दिउँसो २:०० बजे ।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं ।

गैह्र बैकिङ्ग सम्पत्तिको विवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं. १५ स्थित कि.नं. २०४ को क्षेत्रफल १४३.०५ बर्ग मि. भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ । अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
केन्द्रिय कार्यालय, दरवारमार्ग काठमाण्डौं
फोन न.:- ५३४२५३०, ५३२८२२९
फ्याक्स :- ५३२६३४९, ५३२८९२७
ई-मेल : info@nibl.com.np

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०९

यस **देवीथान सा.व.उ.स. कमलामाई न.पा. १, सिन्धुली**बाट आ.व. २०७८/०७९ र २०७९/०८० मा उत्पादन भई **ढुङ्गाजोर चौर, कमलामाई न.पा. १, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **लट नं. १ को साल** जातको गोलिया थान **५२** को **५९४.७६** क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान
विजुलीबजार, काठमाडौं

सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/१२/०९

यस प्रतिष्ठानको मिति २०८१/११/०५ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना अनुसार रितपूर्वक पर्न आएका सिलबन्दी बोलपत्रहरुको मूल्यांकनबाट निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	छनोट भएको दरभाउ पत्रदाताको नाम र ठेगाना	कबोल अंक रु (मु.अ.कर सहित)
NPPP-NCB-02/081/82 BMS 801:PTT-06 (7000 Meter Mountain Climbing)	हिमलुङ हिमाल (७१२६ मिटर) आरोहण समेतको प्रयोगात्मक कक्षा BMS 801: Practical Training Trip - 6 (PTT-6) [Mountain Climbing 7000 m with a Research Report	राईज एक्सपिडिसन्स एण्ड ट्रेक्स प्रा.लि, बुढानिलकण्ठ नगरपालिका वर्डा नं.१२ कपन काठमाडौं ।	५२,५५,१३१.७५।-

कार्यकारी निर्देशक

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ९ चैत ०८१
nayapatrikaofficial @nayapatrika

०१५ सालको आमनिर्वाचनमा पुष्पलालको चुनाव चिह्न बनाउँदा...

मामा पुष्पलालले खैरो रंगको एक चाङ कागज दिनुभयो र चुनाव चिह्न 'तीन घोगा मकै र हँसिया' कोर्न भन्नुभयो

संस्मरण



● नरेन्द्रबहादुर श्रेष्ठ

वरिष्ठ कलाकार नरेन्द्रबहादुर श्रेष्ठ प्रतीकात्मक चित्र बनाउँछन्। उनले दर्जनौं प्रतीकात्मक चित्र बनाएर धेरैको मन जितेका छन्। क्यानभासको आर्ट पेपरमा चित्र बनाउँछन्। उनी कविसमेत भएकाले मनका भावनालाई सरल र सहज ढंगले क्यानभासमा उतार्छन्। उनले बनाएका चित्र अरूका भन्दा पृथक् हुन्छन्। चित्रमा मौलिकता पस्किनु उनका विशेषता नै हुन्। उनले क्यानभासमा रुखका जरा टाँसेर प्रतीकात्मक चित्र बनाएका छन्। भित्तामा परेका चिराले नै कलाकार बन्ने प्रेरणा मिलेको उनी बताउँछन्। कलाकार श्रेष्ठले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठसँगको सामीप्य यसरी सम्झिए :



वनारसमा भान्जाहरू नरेन्द्रबहादुर श्रेष्ठ र गौतमदास श्रेष्ठको बिचमा पुष्पलाल श्रेष्ठ





ज्वाइँसँग पुष्पलाल श्रेष्ठ र सहना प्रधान वनारसमा

सानैदेखिको कल्पनाशील स्वभावले म कला र साहित्यसँग नजिक बनें। विद्यालयमा पढ्दैदेखि पेन्टिङ गर्थें। त्यही बाल स्वभावलाई निरन्तरता दिँदै कलामा घोत्लिन थालेको ५० वर्ष नाघेको छ।

०३२ सालको कुरा हो। त्यतिवेला विराटनगरमा लामै समय ओछ्यान पर्‍यें। ओछ्यानबाट चिरा परेका भित्तामा अनेक आकृति देख्थें। घरमा दाउरा बाल्न ल्याएको काठको थुप्रोमा बेग्लै आकृति देख्थें। फ्याँकिएका काठका टुक्रा, रुख र जरालाई समेत कलामा परिणत गर्न थालें।

स्मरणीय विषय, मैले पुष्पलाल श्रेष्ठको चुनाव चिह्न पेन्टिङ गरेको छु। नाताले पुष्पलाल मेरो मामा पर्नुहुन्छ। मेरी आमा र उहाँ (ठुलोबुबाको छोरा) दाजुबहिनी हुन्। ०१५ सालको आमनिर्वाचनमा उहाँ उम्मेदवार हुनुहुन्थ्यो। त्यतिवेला पुष्पलाल र गणेशमान सिंहले काठमाडौंको निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएका थिए। त्यसवेला म ११ वर्षको थिएँ। मामा पुष्पलालको भाइ तोरणलाल र मलाई चुनाव चिह्न बनाउन लगाइएको थियो। त्यतिवेला म राम्रो चित्र बनाउन नसक्ने भए पनि चित्र बनाउन रहर गर्थें। मामाले खैरो रंगको एक चाङ कागज दिनुभयो र त्यसमा हँसिया र तीन घोगा मकैको चिह्न बनाउन भन्नुभयो। अहिलेजस्तो त्यसवेला पेन्टिङ गर्ने ब्रस हुँदैनथ्यो। हामी अम्रिसोको कुचोको डाँठमा कपडा बेरेर चित्र बनाउँथ्यौं। कागज भने भारतबाट आउँथ्यो। रंग यहीं काठमाडौंमै किन्न पाइन्थ्यो।

उहाँको चुनाव चिह्न पनि कुचोको डाँठमा रातो रङमा चोप्दै खैरो कागजमा बनायौं। पहिलोपटक हँसिया र सँगै तीन घोगा मकैको चित्र बनायौं। त्यतिवेला चुनाव चिह्न मात्रै होइन, भोट भाग्ने नारा पनि लेखेको थिएँ। उहाँको भाइ (तोरणलाल) र मैले झन्डै १५ दिन चुनावको पोस्टर बनायौं। तर, मलाई पार्टीले चुनाव चिह्न बनाउन लगाएको होइन। पेन्टिङमा रुचि राख्ने भएकाले लगाउनुभएको हो।

हातले बनाएको चुनावी पोस्टर निर्वाचन क्षेत्रमै पुऱ्याउनुपर्थ्यो। त्यो पोस्टरलाई पिठोको माडले भित्तामा टाँसिन्थ्यो। एउटा टोललाई ३-४ वटा पोस्टर छुट्याइन्थ्यो। अहिलेजस्तो त्यसवेला प्रेसहरू थिएनन्। उहाँहरूसँग भारतबाट पर्चा र पोस्टर छाप्ने खर्च पनि थिएन होला।

त्यसवेला कांग्रेसले भने चुनाव चिह्न रुख र ब्ल्याक एन्ड ह्वाइट पोस्टर भारतबाटै छापेर ल्याएको थियो। कम्युनिस्ट पार्टी भएकाले पुष्पलालहरूसँग पैसा थिएन भन्ने पछि थाहा पाएँ।

पुष्पलालहरूको चुनाव प्रचारका लागि एउटा मान्छे बोक्ने जिप पनि थियो। म पनि चुनाव प्रचार-प्रसारमा हिँड्थें। चुनाव प्रचारसँगै मञ्चहरूमा समेत पुग्थें। चुनाव प्रचारमा हिँड्दा खाजा-खाना पाइन्थ्यो। मलाई रमाइलो पनि लाग्थ्यो।

चुनाव प्रचारका लागि काठमाडौंका चोकचोकमा मञ्च बनाइन्थ्यो। त्यहाँ सबै नेताले भाषण गर्थे। लैनचारको दुग्ध विकास संस्थानअगाडि स्टेज बनाएको मलाई अझै याद छ। चारतिर काठको खम्बा राखेर मण्डली बनाइएको थियो। खुला आकाशमुनि स्टेज हुन्थ्यो। दुई-तीन फिटको उक्लिने भऱ्याङ हुन्थे। मञ्चमा काठका कुर्सी हुन्थे। त्यही कुर्सीमा गणेशमान, पुष्पलालहरू बस्थे। अहिलेका नेतालाई जस्तो सोफा राखिँदैनथ्यो। मञ्चको चारैतिर स्पिकर (ढङ) राखिन्थ्यो। पालैपालो आफ्नो चुनावको घोषण पत्र पढ्थे।

अहिले कांग्रेस र कम्युनिस्टको फरक-फरक मञ्च हुन्छ। त्यसवेला सबै नेताले एउटै मञ्चबाट चुनावको घोषणपत्र भन्थे। एउटै मञ्चबाट नेता केआई सिंह, पुष्पलाल र गणेशमान सिंह भाषण गर्थे। केआई सिंहले चुनाव प्रचारमा पुष्पलाल र गणेशमानलाई व्यंग्य गर्थे। केआई सिंहको चुनावी नारा 'धानको बाला झुल्यो हजुर दसैं रमाइलो, केआई सिंहको जुंगा देखेर सबै रमायो' थियो। केआई सिंहले यो नारा भनेपछि मात्रै भाषण सुरु गर्थे। त्यसवेला केआई सिंहको पार्टीको चुनाव चिह्न धानको बाला थियो। केआई सिंहले जुंगा पालेका थिए। त्यसवेला एउटै मञ्चमा फरक-फरक पार्टीका नेताले भाषण गरे पनि एक-अर्कालाई गाली गरेको सुनिँदैनथ्यो।

मामा (पुष्पलाल)ले चुनावमा थोरै मतले हार्नुभयो। कांग्रेसका गणेशमानले जित्नुभयो। कांग्रेसले विजय जुलुस निकाल्यो। हामी त्यतिवेला क्षेत्रपाटीमा बस्थ्यौं। गणेशमानले सयपत्रीको माला लगाएका थिए। कर्यकर्ताले विजयको नारा लगाउँदै आए। हाम्रो (पुष्पलालकी दिदी मेरी आमा सुभद्राको) घर क्षेत्रपाटी भएको थाहा पाएपछि जुलुस आयो। हाम्रो घरअगाडि आएर 'यो जित कसको ? वीर गणेशमानको' भन्दै नाराबाजी गरिरहे।

अनि पुष्पलालको वेश फेरिएको देखें

१ पुस ०१७ मा तत्कालीन राजा महेन्द्र शाहले 'कु' गरी शासन सत्ता आफ्नो नियन्त्रणमा लिए। कांग्रेस नेता बिपी कोइराला र गणेशमान सिंहलाई जेल हाले। त्यसपछि पुष्पलाल भूमिगत हुनुभयो। ०१७ सालकै कुरा हो। हिउँदको वेला थियो। त्यसवेला काठमाडौंका चोकचोकमा भागवत, महाभारत, रामायणजस्ता पौराणिक कथा सुनाइन्थ्यो। कथा सुन्न प्रत्येक घरका मान्छे भेला हुन्थे। म पनि कथा सुन्न टोलतिर (क्षेत्रपाटी घरनजिकै चोक) निस्किन्थें। हामी (पुष्पलालकी दिदी मैया, म र भाइ गौतमदास श्रेष्ठ) कथा सुन्न जाँदै गर्दा एक दिन बाटोमा मामा पुष्पललाई देखें। म 'पुष्पलाल मामा...' भन्दै चिच्याएँ। म चिच्याएपछि कथा सुन्न भेला भएका मान्छे हेर्न थाले। त्यसपछि मामा गायब हुनुभयो। त्यसवेला उहाँको वेश परिवर्तन (भूमिगत) भइसक्नुभएको थियो। उहाँले घुँडासम्म कछाड, चप्पल, कालो स्टकोट, दाह्री पालेको, चस्मा र कालो टोपी लगाउनुभएको थियो। राजा महेन्द्रको 'कु'पछि उहाँ भारतमा निर्वासित हुनुभयो होला भन्ने लागेको थियो। तर, उहाँलाई काठमाडौंमै देख्दा छक्क पर्‍यौं। उहाँलाई पक्रन प्रहरीले धेरै कोसिस भएको रहेछ। सोही कारण वेश बदलेर हिँड्नुभएको रहेछ।

त्यति वेला पुष्पलाल मामा टुम्बहालमा डेरा लिएर बस्नुहुन्थ्यो। राजा महेन्द्रको 'कु'पछि उहाँले आफन्तहरूसँग भेटघाट गर्न छोड्नुभएछ। पछि गुप्तचरले उहाँमाथि चासो राख्न थालेपछि भारततिर लाग्नुभयो। मेरो आमा र ठुलीआमा उहाँलाई तिहारमा भाइटीका लगाउनसमेत वनारस नै जानुहुन्थ्यो।

पुष्पलालको डेराअगाडि प्रहरी देखेपछि...

०२८ सालमा म विराटनगर गएँ। मेरो दाजु राजेन्द्रबहादुर श्रेष्ठ विराटनगरको सुगर मिलमा काम गर्नुहुन्थ्यो। म पनि काम गर्न विराटनगर पुगें। ०३३ सालमा मेरो विवाहपछि श्रीमती (निरु)लाई लिएर हनिमुन मनाउन भारतको

अहिले कांग्रेस र कम्युनिस्टको फरक-फरक मञ्च हुन्छ। त्यसवेला सबै नेताले एउटै मञ्चबाट चुनावको घोषणापत्र भन्थे। एउटै मञ्चबाट नेता केआई सिंह, पुष्पलाल र गणेशमान सिंह भाषण गर्थे। केआई सिंहले चुनाव प्रचारमा पुष्पलाल र गणेशमानलाई व्यंग्य गर्थे। केआई सिंहको चुनावी नारा 'धानको बाला झुल्यो हजुर दसैं रमाइलो, केआई सिंहको जुँगा देखेर सबै रमायो' थियो। केआई सिंहले यो नारा भनेपछि मात्रै भाषण सुरु गर्थे।

वनारस गएँ। पुष्पलाल मामा पनि वनारसमै हुनुहुन्छ भन्ने थाहा थियो। वनारस पुगेपछि उहाँ बस्ने ठाउँ सोधखोज गरेँ। उहाँ वनारसको दशपुत्र गल्लीमा बस्नुहुँदो रहेछ।

मेरो उहाँसँग ०१५ सालपछि एकैचोटि २०३३ सालमा भेट भएकाले झन्डै चिन्नुभएन। उहाँलाई भान्जीबुहारी चिनाउन आएको बताएँ। मैले श्रीमतीलाई परिचय गराएँ। संखुवासभा चैनपुरका मदनप्रसादकी बहिनी मात्रै के भनेको थिएँ, उहाँले त्यसो भए त निरु मेरो भान्जी बुहारी होइन, बहिनी हो' भन्नुभयो। एकछिन उहाँको डेरामा हाँसोठट्ठा गर्‍यौं।

मामाको कोठामा एक-डेढ घन्टा बस्यौं। त्यसबिच उहाँले चिया खाऊँ समेत भन्नुभएन। तर, हिँड्ने वेला भोलि बिहान ८ बजे चिया खाना आउन निम्तो दिनुभयो। त्यसपछि हामी होटेल फर्किर्यौं।

भोलिपल्ट बिहान म र निरु पुष्पलालको कोठामा जाँदै थियौं। हामीले पुष्पलालको कोठाअगाडि ८/१० जना प्रहरी उभिएको देख्यौं। प्रहरी देख्नेबित्तिकै मलाई डर लाग्यो। पुष्पललालाई समात्न प्रहरी आएका पो हुन् कि भन्ने शंका लाग्यो। कोठाभित्र छिर्ने आँट आएन, बाहिरैबाट फर्किर्यौं। त्यसवेला भारतमा इन्दिरा गान्धी नेतृत्वको सरकारले संकटकाल लगाएको थियो।

फर्किने वेला रिक्सा चढेका थियौं, त्यही रिक्सामा भारतका युवानेता चढेका रहेछन्। छोटो गफगाफ भयो। सोही क्रममा आफू पुष्पलालको भान्जा भएको र भेट्न आएको बताएँ। पुष्पलालाई भेट्न गएको प्रहरी देखेपछि कोठामा छिर्न डर लाग्यो भनें। उहाँले हास्दै भन्नुभयो, 'त्यहाँ स्कुलको परीक्षा केन्द्र छ। त्यसैले प्रहरी गार्ड बस्न आएका हुन्।' त्यहाँ एउटा स्कुल रहेछ।

त्यसपछि हामी केहीबेर घुमेर फेरि गर्यौं। यतिवेलासम्म अपराह्नको ४ बजिसकेको थियो। कोठामा पुग्दा मामा रिसाउनुभयो। उहाँले पखँदापखँदै हैरान भएएको र बिहान किन नआएको भनेर प्रश्न गर्नुभयो। मैले पखला लाग्यो भनेर बहान बनाएँ। सत्य बोल्न आँट आएन।

०००

०३५ सालमा पुष्पलालकी छोरी उषाको वनारसमै विवाह गर्ने टुंगो लागेछ। पुष्पलाल नेपाल आउन सक्ने अवस्था थिएन। विवाहका लागि नेपालबाट परिवार र आफन्त जाने सल्लाह भयो। विवाहमा मेरो आमा (सुभद्रा)सहित म पनि गएको थिएँ। आमालाई पुष्पालाल (मामा)ले मेरो भेटको प्रसंग निकाल्दै भन्नुभयो, 'नरेन्द्र भान्जा त फटाह पो रहेछन् दिदी। बिहान ८ बजे चिया खान बोलाउँदा आएनन्। अघिल्लो दिन मसँग पैसा थिएन। त्यसैले भोलिपल्ट चिया खाना बोलाएको थिएँ। साथीहरूसँग १० रुपैयाँ खोजेर चियाको व्यवस्था गरेको थिएँ। तर, उनीहरू दिनभरि बस्दा पनि आएनन्।' त्यतिवेला पनि रमाइलो भयो। उहाँ भूमिगत जीवन बिताइराख्नुभएको थियो। त्यसैले उहाँको जीवन समान्य थियो। मलाई अझै याद छ, उहाँले छोरी उषाको विवाहमा सुट लगाउनुभएको थियो। ढाका टोपी पनि लगाउने चलन थियो। तर, उहाँको ढाका टोपी थिएन। मैले उहाँलाई आफ्नै ढाका टोपी लगाउन दिएको थिएँ।

हामी (म र श्रीमती) पहिलोपटक उहाँ (पुष्पलाल)लाई भेट्न जाँदा चिया नखुवाएको कारण पत्ता लगाएँ। पुष्पलाल र साथीहरू दुई-तीन दिनसम्म भोकभोकै बसेको पनि थाहा पाएँ। मामाहरू त्यसवेला धर्मशालातिर जाने र नेपालका चिनेका मान्छेसँग दुई-चार रुपैयाँ मागेको पैसाले चना खाएर गुजारा गर्नुहुन्थ्यो रे ! मलाई पछि पुष्पालालका साथीहरू बलराम उपाध्याय र गोविन्द ज्ञवालीले सुनाए।

बहिनी उषाको विवाहपछि हामी सबैजना नेपाल आर्‍यौं। उहाँको आर्थिक अवस्था कमजोर भएको थाहा पाएँ। म विराटनगरमै काम गर्ने भएकाले महिनाको दुई सय भारतीय रुपैयाँ जोगबनी पुगेर पठाउँथें। मैले ६ महिनासम्म पैसा पठाएँ।

प्रस्तुति : **पवन बराइली**

'पूजा सर राजागंज': विद्रोह, न्याय र नेपाली समाजको ऐना



समीक्षा



● दिनेश पन्त

०७२ भदौको अन्त्यतिर देशमा संविधान जारी गर्ने मिति नजिकिँदै थियो, संविधानमा आफ्नो अपनत्व नभएको भन्दै लाखौँ मधेशी नागरिक सडकमा आन्दोलनरत थिए। आन्दोलनरत नागरिकको नेतृत्व तत्कालीन संविधानसभामा अल्पमतमा रहेका मधेशकेन्द्रित राजनीतिक दलले लिएका थिए। उनीहरूले संविधानसभा बहिष्कार गरेका थिए। मधेश आन्दोलनका क्रममा बालबालिकादेखि वृद्धवृद्धासम्मको प्रहरी दमनका कारण भइरहेको हत्याको समाचार सामान्य बनेको थियो। यसैक्रममा तत्कालीन सत्ता घटक नेकपा (एमाले)का नेता केपी शर्मा ओलीले राजनीतिक वक्रोक्ति प्रदर्शन गरेका थिए। उनले आन्दोलनको स्वामित्व लिएका मधेशकेन्द्रित दललाई संविधानसभा बहिष्कार गरेको सन्दर्भमा कुहिएको आँप झर्दैमा फरक नपर्ने आशयले अभिव्यक्ति दिएका थिए।

सम्भवतः सार्वजनिक विस्मृतिमा गएको यो घटनालाई अहिले 'पूजा सर राजागंज' चलचित्रले सतहमा ल्याएको छ। अहिले राजनीतिको म्युजिकल चेयरको खेलका क्रममा तिनै ओली देशका प्रधानमन्त्री छन्। सार्वजनिक वृत्तमा एक जिम्मेवार नेताले दिएको अभिव्यक्ति चलचित्रमा प्रयोग हुनु नौलो थिएन, जुन सत्तालाई सह्य भएन। त्यसैले चलचित्र विकास बोर्डले चलचित्रमा रहेको प्रधानमन्त्रीको करिब एक दशक पुरानो अभिव्यक्तिमाथि नै कैँची चलायो। यतिले नपुगेर प्रधानमन्त्री शब्द उच्चारण हुँदा सो शब्दमा 'बिप' लगाइयो। विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा प्रशंसा बटुलेको 'पूजा, सर राजागंज'ले नेपालमा पहिलो गाँसमै ढुंगा भेट्यो। यद्यपि यो कदमले प्रधानमन्त्रीको अभिव्यक्तिलाई दबाउन त सकेन, बरु राज्य नै निरंकुश बन्दै गएको तथ्यलाई उजागर गऱ्यो। कलाको एउटा पाटो सत्ता र शक्तिलाई प्रश्न गर्नु हो, यो मामिलामा चलचित्र सार्वजनिक रूपमा प्रदर्शन हुनअगावै सफल भयो।

मधेश आन्दोलनताकाको कथा बोल्ने यो चलचित्रलाई झट्ट हेर्दा क्राइम ड्रामाको संज्ञा दिन सकिन्छ। तर, यसलाई मिहिन ढंगले हेर्ने हो भने नेपाली समाज र यसको राजनीतिको जटिलतायुक्त यथार्थलाई चलचित्रले उजागर गरेको छ। चलचित्रमा एक मधेशी महिला सरस्वती, जसले विधि र न्यायको वकालत गर्दा गर्भमा रहेको सन्तान गुमाएकी छिन्।

> मधेश आन्दोलनको कथा बोल्ने चलचित्रलाई झट्ट हेर्दा क्राइम ड्रामाको संज्ञा दिन सकिन्छ। तर, यसलाई मिहिन ढंगले हेर्ने हो भने नेपाली समाज र यसको राजनीतिको जटिलतायुक्त यथार्थलाई उजागर गरेको छ।

न्यायको सबै मार्ग बन्द भएपछि उनले श्रीमान्सँग मिलेर अपराधको बाटो समातेकी छिन्। सोही क्रममा उनले शक्तिशाली सत्ताधारी मधेशी नेता एवं सभासद्का छोरा र उसको साथीलाई अपहरण गर्छिन्। चलचित्रभरि यो मामिलाको तहकिकात हुन्छ। यही तहकिकातले कर्मचारीतन्त्र, पुलिसराज, संरचनागत नश्लभेद, शक्ति सम्बन्ध र पितृसत्तालाई स्पष्ट पारिदिन्छ।

संरचनागत नश्लभेद

नेपाली चलचित्रमा मधेश र मधेशी अनुहार बिरलै देखिन्छ। केही गरी मधेशी अनुहार देखिए नकारात्मक चरित्र चित्रण वा रुढीबद्ध (स्टेरियोटिपिकल) प्रतिनिधित्व गरी उपहास गरिन्छ। यी ढर्रालाई लत्याउँदै चलचित्रले आममधेशलाई राज्यको संरचनाले सीमान्तकृत, दमित र आवाज नसुनिएको समुदायका रूपमा प्रस्तुत गरेको छ। मधेश आन्दोलन र असन्तुष्टिलाई व्यक्त गर्न मधेशी आफैँ सक्षम छन् भन्ने दृश्य एवं संवाद चलचित्रको कैयौँ ठाउँमा देखाइएको छ। मार्टिन लुथर किङ र नेल्सन मन्डेलाको तस्बिर एक आन्दोलनकारीको घरमा देखिनुले मधेश आन्दोलनका वेला आन्दोलनकारी 'भारु'ले चलेका भिड हुन् भन्ने पहाडी नश्लभेदी पूर्वाग्रहलाई सहजै चिर्छ।

यद्यपि, संरचना र व्यक्तिलाई निर्देशकले एकै कोणबाट देखाएका छैनन्, अर्थात् सबै पहाडी बलियो वा सबै मधेशी कमजोर भन्ने साम्प्रदायिक अतिवादमा यो चलचित्रलाई झोसिएको छैन। सत्तापक्षीय मधेशी सभासद्लाई ढाकाटोपी पहिऱ्याएर 'खाँटी' नेपाली देखाइएको छ। जसले पहाडी प्रहरीलाई तिमीहरूको जागिर खाइदिन्छु भन्ने धम्की त दिन्छन्। तर, उनकै घरमा पहाडी सम्भ्रान्त परिवारबाट आएकी श्रीमतीको हैकम र तजबिजी चलेको देखिन्छ। जहाँ श्रीमतीले सहजै श्रीमान्लाई 'तँ' भनेर सम्बोधन गर्छिन्। चलचित्रमा मधेशी महिला प्रहरीको चरित्र निभाउने ममता, जो प्रहरीभित्रको संरचनाले मौन पारिएकी हुन्छिन्। तिनै ममता कनिष्ठ प्रहरी अधिकारीलाई हिरासतमा कैदीको मृत्यु हुँदा गालीगलोजसहित थर्काउँछिन्। त्यसैगरी, एक दृश्यमा मधेशी पुरुषले नै ममतालाई नटेरेको, तर पहाडी अधिकारी पूजा सरले भनेको सहजै मानेको देख्न सकिन्छ।

लिंगभेद र विद्रोह

साहित्य, संगीत, चित्रकला, चलचित्रजस्ता कलाका विधाले समाजको प्रतिबिम्ब देखाउँछ। 'पूजा, सर राजागंज' समाजको प्रतिबिम्ब देखाउने यथास्थितिमा मात्रै अडिएको छैन। चलचित्रमा निर्देशकले यथास्थितिभन्दा पर विद्रोह पनि देखाउने जमर्को गरेका छन्। चलचित्रको शीर्ष पात्र 'पूजा सर'ले यो विद्रोहलाई बोकेकी छिन्। यौनिक एंव लैंगिक अल्पसंख्यकको रूपमा सीमान्तकृत समुदायको पात्र प्रहरी संगठनमा इन्स्पेक्टरको हैसियत हुनु र पहिचानअनुसार बाँच्नु नेपाली समाजमा आफैँमा एक विद्रोह हो भन्दा अतिशयोक्ति नहोला। पूजा हाकिमले जे भन्यो, त्यसलाई आँखा चिम्लेर 'हस्' भन्दिनन्। उनका कामले विवेक, कौशल एवं स्वनिर्णयको क्षमता छ भनेर देखिन्छ।

गर्भमै सन्तान गुमाएकी सरस्वती सम्झौता गर्ने पक्षमा देखिन्नन्। उनी बुताले सक्ने विद्रोह गर्छिन्। एक स्वभिमानी महिलाको प्रतिनिधित्व गर्दै आफ्नो न्याय सुनिश्चित गर्छिन्। तर, उनी अन्त्यमा राज्यबाट र यसका अवयवबाट ठगिन्छिन्। प्रहरीले बालक उद्धार गरेको र 'अपराधी' समातेकोमा वाहवाही पाइरहँदा यो दम्पतीको आँखामा लाचारी र क्रोध स्पष्टै देखिन्छ। तर, पूजा सर यथास्थितिमा चित्त बुझाउँदिनन्। पीडक सभासद् दम्पतीको पोल खोलेर विद्रोह गर्छिन्। यो अस्वाभाविक लाग्ने दृश्यमा निर्देशकले सम्भवतः यथार्थवादी चौधेरा नाघेर विद्रोहको बिगुल फुकेका छन्। चलचित्रमा जति संवादले कथा भनेको छ, त्यति नै दृश्यले पनि बोलेको छ। समाजको जटिल समस्यालाई मिहिन ढंगले दृश्यमा उतारिएको छ। यो कौशलका लागि निर्देशक दीपक रौनियारलाई बधाई छ।

---

*मस्को स्टेट युनिभर्सिटी अफ सिभिल इन्जिनियरिङबाट स्नातकोत्तर जीवा लामिछाने गैरआवासीय नेपाली संघ (एनआरएनए) का संस्थापक सदस्य एवं पूर्वअध्यक्ष हुन्। बैंकिङ, जलस्रोत, शिक्षा, स्वास्थ्य, होटेललगायत व्यवसायमा राष्ट्रिय-अन्तर्राष्ट्रिय लगानी गरेका उनी पेसाले व्यवसायी हुन् भने रुचिले लेखक। यसअघि 'सरसर्ती संसार' र 'देशदेशावर' प्रकाशन गरेका लामिछानेको तेस्रो कृति 'अक्षत अन्टार्कटिका' यसै साता सार्वजनिक भएको छ। अन्टार्कटिका यात्रा र पर्यावरणीय चिन्तनलगायत विषयमा केन्द्रित रहेर नयाँ पत्रिकाकर्मी **मीनराज बसन्त**ले गरेको संवाद :*



वार्ता

● **जीवा लामिछाने**
पूर्वअध्यक्ष, एनआरएनए

घुमाइ मेरो मिठो लत हो

०४३ मा बाग्लुङका भुवनसिंह विश्वकर्मा पहिलोपटक अन्टार्कटिका पुग्ने आधिकारिक नेपाली हुन्। विश्वकर्मालेे पाइला टेकेको ३८ वर्षपछि तपाईं गतवर्ष अन्टार्कटिका यात्रामा निस्किनुभयो। यसअघिका तपाईंका एउटै कृतिमा धेरै ठाउँ घुमेको वर्णन हुन्थ्यो। यसपटक भने एउटै यात्रामाथि अर्थात् अन्टार्कटिकामाथि नै केन्द्रित रहेर सिंगो कृति 'अक्षत अन्टार्कटिका' ल्याउनुभयो। यो मनस्थिति कसरी बन्यो ?

हो, भुवनसिंहले पाइला टेकेको ३८ वर्षपछि म अन्टार्कटिका पुगेँ। तर, उहाँपछि पुग्ने दोस्रो व्यक्ति भने म होइन। यसबिच थुप्रै नेपाली गएका छन्। अन्टार्कटिका अन्तभन्दा फरक ठाउँ हो। त्यसबारे नेपालीलाई कम जानकारी भएको र नेपालीमा पनि कमै लेखिएको छ कि जस्तो लाग्यो। त्यसैले 'अक्षत अन्टार्कटिका' लेखेको हुँ। अर्को कुरा १२ दिने यात्रामा अधिकांश समय पानीजहाजमै बित्यो। दिनमा दुईपटक मात्रै अन्टार्कटिकाको भुइँमा ल्यान्डिङ गराए, केबल दुई-अढाइ घण्टा घुम्न दिइन्थ्यो। दुई-अढाइ घण्टाबाहेक अरू समय प्रशस्तै थियो। त्यही समय सदुपयोग गर्दै आफूले देखेका, अनुभूत गरेका तरोताजा विवरण टिप्दै गएँ। त्यहाँबाट फर्केपछि अन्य किताब र इन्टरनेटबाट थप सूचना लिएँ। यसो गर्दागर्दै एउटा किताबलाई पुग्ने खुराक तयार भयो।

अहिलेसम्म कतिजति नेपाली त्यहाँ पुगेका होलान् ?

संख्या त यकिन भएन। तर, धेरै नेपाली पुगिसकेका छन्। हामी त अन्टार्कटिकाको एउटा सानो क्षेत्रमा मात्रै पुगेका हौँ। दक्षिणी ध्रुव झन् विकट मानिन्छ। त्यहाँसमेत नेपाली पुगेको थाहा पाएको छु। त्यसमाथि अहिले कतिपय विभिन्न



जीवा लामिछानेको तेस्रो कृति 'अक्षत अन्टार्कटिका' सार्वजनिक गरिँदै।

सेमिनार तथा मिटिङका लागि समेत आसपासका देश पुग्ने गरेका छन्। अनि यहाँसम्म आएपछि एकचोटि अन्टार्कटिका पनि पुगेर जाऔँ भन्छन्। अर्थात्, अन्टार्कटिका पुग्ने अरू नेपाली पनि छन्।

मकरस्नान गर्ने देश नेपालदेखि हिमस्नान गर्ने देश रुस हुँदै ध्रुवीय स्नान गर्न अन्टार्कटिकासम्म पुगुभयो। खासमा तपाईंलाई यात्राको लत कसरी लाग्यो ?

मानिसको स्वभाव नै यात्रा गर्ने हो। यो अहिले मात्रै होइन, परापूर्वकालमा समेत हुन्थ्यो। हाम्रा पुराण वा ग्रन्थ हेर्‍यौँ भने पनि ऋषिमुनिले थुप्रै यात्रा गरेको पाइन्छ। पूर्वीय ग्रन्थमा पनि 'चरैवति, चरैवति' अर्थात् हिँड्दै गर भनिएको छ। वैज्ञानिक हिसाबले हेर्ने हो भने पनि हाम्रै पुर्खा अफ्रिकाबाट मानव विकास हुँदै छरिएर संसारभर पुगेका थिए। त्यसैले पनि घुम्नु सबैको रुचिको विषय हो जस्तो लाग्छ। मलाई पनि बाल्यकालदेखि नै नयाँ ठाउँ हेर्न र घुम्नमा रुचि थियो। पछि म अध्ययनका क्रममा सन् १९८६ मा रुस पुगेँ। फरक ठाउँ, फरक परिवेशको रुस घुमेँ। मेरो अन्तर्राष्ट्रिय घुमाइ त्यहींबाट सुरु भयो।

घुम्ने लत कतिसम्म थियो भने विश्वविद्यालयमा पढ्दै गर्दा छुट्टी हुन्थ्यो। छुट्टीका वेला कहिले एक्लै त कहिले साथीभाइ मिलेर घुमिन्थ्यो। सहकालको समय भएकाले थोरै पैसाले पनि युरोपका विभिन्न देश सजिलै घुम्न सकिन्थ्यो। अहिलेजस्तो भिसाको कठिनाइ पनि थिएन त्यतिवेला। यो घुमाइ अहिले एउटा मिठो लतमा परिणत भएको छ, जसले मलाई पृथ्वीका अनेक कुनामा पुऱ्याइरहेको छ।

एकातर्फ तपाईं उद्योगी-व्यवसायी हुनुहुन्छ, जुन अर्थतन्त्रसँग प्रत्यक्ष जोडिन्छ। यस्तै अर्कातर्फ साहित्य सिर्जना गर्नुहुन्छ, जुन मानवीय दृष्टिकोणबाट अत्यन्तै नजिक

---

९ चैत (शनिबार)
१५ चैत (शुक्रबार)

साप्ताहिक राशिफल



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् | **मो :** ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

अनुसन्धानात्मक अध्ययनमा लाग्नेलाई फाइदाको समय छ। परिवारजनले साथ दिनेछन्। बुधबार मन्दी वा अभाव देखिए पनि आर्थिक समस्या समाधान हुँदै जानेछन्। साझेदार वा सहयोगीको संगतले लाभ प्राप्त हुनेछ। व्यस्त समयचर्या कायम हुनेछ। साताको अन्त्यबाट परदेशबाट राम्रो समाचार प्राप्त हुनेछ। प्रतियोगिता र प्रतिस्पर्धाबाट सफलता मिल्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

घरखर्च बढ्नुका साथै व्यापारमा मन्दी आउने देखिन्छ। परिवारजनमा असमझदारी बढ्न सक्छ। स्वास्थ्यबाधा र रोगको पहिचान हुन कठिन हुने देखिन्छ। बिहीबारपछि जीवनसाथी वा बालबच्चासँग कुराकानी गरी व्यावहारिक जानकारीबाट खुसीको अनुभूति हुनेछ। आफूमुनिका नातेदार वा बालबच्चासँग राम्रो व्यवहार गर्नुहोला।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

विभिन्न अवसरले पछ्याउने ग्रहयोग छ। मुद्दामामिला वा कामका विविध झमेलाबाट मुक्ति मिल्नेछ। नयाँ उद्योग वा व्यावसायिक काम सुरु हुने समय छ। आर्थिक समस्या पनि समाधान हुनेछ। स्वास्थ्य सबल रहनेछ। साताको समाप्तिमा दूरदर्शिताको सर्वत्र चर्चा हुनेछ। मायाप्रेम र भावनात्मक क्रियाकलापमा समय व्यतीत हुनेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

व्यापार-व्यवसायमा राम्रै फाइदा हुनेछ। दाजुभाइ, इष्टमित्र वा बन्धुबान्धवको सहयोगले शत्रुपक्षलाई तह लगाउन सकिनेछ। पठनपाठनमा राम्रो उन्नति हुनेछ। सन्तान वा अनुयायीले पनि प्रसन्नता दिलाउनेछन्। प्रेम र मित्रताको बन्धन कसिने समय छ। साताको अन्त्यमा मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साथीभाइ र बन्धुबान्धवको सहयोग जुट्नाले अप्ठ्यारा काम पनि सहजै बन्नेछन्। एकसाथ अनेक कार्य थालनी गर्न सकिनेछ। समाजमा कीर्ति बढ्ने काम पनि सम्पादन होला। प्रयत्न गर्दा कृषि र व्यापार-व्यवसायमा पनि राम्रै फाइदा उठाउन सकिनेछ। पढाइमा सोचेअनुसार सफलता मिल्नेछ। साताको अन्त्यमा प्राविधिक कामबाट विशेष सफलता प्राप्त हुनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

विशेष मानसम्मान र पद-प्रतिष्ठा पाइने समय छ। उद्योगधन्दामा विशेष सफलता पाइनेछ। शत्रु र रोगबाट पनि छुटकारा मिल्नेछ। लामो समयदेखि रोकिएका काम सम्पादन हुनेछन्। उच्च शिक्षाका लागि सबैको साथ र सहयोग प्राप्त हुनेछ। बिहीबार र शुक्रबार छरछिमेकमा कसैसँग व्यर्थमा वादविवाद हुन सक्छ। विशेष सावधानी अपनाउनुपर्नेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

धनमाल हराउने, चोरी वा ठगीमा परिने सम्भावना छ, आर्थिक कारोबारमा निकै नै सचेत रहनुहोस्। व्यवसाय र उद्योगधन्दामा राम्रो फाइदा मिल्नेछ। पराक्रम बढ्नेछ। पढाइमा सफलता मिल्नेछ। आतिथ्यपूर्ण सम्मान र मिठो भोजनको प्राप्ति हुनेछ। शुक्रबार सामाजिक काममा संलग्न हुनुपर्नेछ। धार्मिक वा सामाजिक सेवाका काममा प्रशंसित हुने अवसर प्राप्त हुनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

प्रेम र मित्रताको बन्धन कसिनेछ। दाम्पत्य सम्बन्ध सुमधुर बन्ने समय छ। कृषि व्यवसाय तथा पशुधनबाट विशेष फाइदा पुग्नेछ। पढाइमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ। साताको अन्त्यमा सम्पत्ति प्राप्त गर्ने सम्भावना छ। पारिवारिक जीवन सन्तोषप्रद हुनेछ। साझेदार वा सहयोगीको संगतले लाभ प्राप्त हुने सम्भावना छ। परदेश वा विदेशबाट राम्रो समाचार प्राप्त हुनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सुरुमा प्रशस्त धनलाभ र अन्त्यमा सबै हानि हुने योग छ। काममा गरिएको प्रयत्न व्यर्थ हुन सक्छ। अनावश्यक दौडधुपमा समय बित्नेछ। ठुलो आशा देखाएर ठगी गर्नेहरूले पनि सताउन सक्छन्। वादविवाद र झैझगडाबाट टाढै बस्नु बुद्धिमानी हुनेछ। घुमघाम र मनोरञ्जनका क्रममा निराशा भोग्नुपर्छ। साताको अन्त्यमा क्रोध, प्रतिशोध र रिस नियन्त्रण गर्नु राम्रो हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मानसम्मान पाउनुका साथै प्रशस्तै आम्दानी बढ्नेछ। आयआर्जनका स्रोतसमेत बढ्नेछन्। परिवारजनमा आत्मीय भाव र विलासिता बढ्नेछ। प्रेम र मित्रताको बन्धन कसिने वेला छ। प्रतिस्पर्धीलाई परास्त गर्न सकिनेछ। शिक्षाक्षेत्र सोचेअनुसार अगाडि बढ्नेछ। साताको अन्त्यमा प्रशासनिक झैझमेला वा आरोप व्यहोर्नुपर्ने हुन सक्छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

नोकरीमा पदोन्नति र राजनीतिमा लाग्नेहरूलाई विशेष फाइदाको समय छ। घरमा मांगलिक कार्य सम्पादन हुनेछन्। प्रशस्त धनलाभ हुनेछ। बहुमूल्य रत्नहरू संग्रह गर्न सकिनेछ। व्यापार तथा उद्योगतर्फ लगानी बढाउने समय छ। भाइबहिनी वा सन्ततिका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ। साथीभाइ र नातेदारबाट उपयोगी सल्लाह र सहयोग प्राप्त हुनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

पारिवारिक समस्यालाई हल गर्न तल्लीन हुनुपर्नेछ। बौद्धिक र प्राज्ञिक क्षेत्रमा खिन्नता बढ्नेछ। बाटो काट्दा वा हतियार चलाउँदा सचेत हुनुपर्छ, तर बिहीबारपछि हातमा अचानक सोच्दै नसोचेको धन प्राप्त हुन सक्छ। मित्रवर्ग र बन्धुबान्धवले राम्रो सहयोग प्रदान गर्नेछन्। साताको अन्त्यमा विभिन्न जिम्मेवारी निर्वाह गर्नुका साथै दौडधुप गर्नुपर्नेछ। यात्रा रमाइलो हुनेछ।

संस्कृत अध्ययन गर्नुभएको छैन, तर कर्मकाण्ड गर्न चाहनुहुन्छ भने पण्डित सुरज पराजुलीको विधिनिषेधादि प्रमाणसहितको अनुसन्धानात्मक सँगालो अग्निस्थापना विधि पुस्तक उपयुक्त हुन सक्छ। पण्डित पराजुलीले विशेषगरी संस्कृत अध्ययन नगरेका र गुरुकुल परम्परा नबुझेका व्यक्तिहरूका लागि हालै यो पुस्तक ल्याएका हुन्।

पछिल्लो समय समाज वैदिक र शास्त्रोक्त पद्धतिबाट टाढिँदै गएको अनुभूति भइरहेका वेला यो पुस्तक शुद्ध र संग्रहयोग्य रहेको प्राडा ऋषिराम पोखरेल बताउँछन्। 'हाम्रा प्रचलित अग्निस्थापना पुस्तकमध्ये प्रमाणसहित लेखिएको यो कृति शुद्ध र संग्रहयोग्य छ।'

इतिहास पुराणाचार्य पराजुलीको अग्निस्थापना गुडविल पब्लिकेसनले तयार पारेको हो। १२२ पृष्ठको यो पुस्तकमा विशेषगरी विधि, निषेधहरूको प्रशस्त प्रमाण प्रस्तुत गरिएको लेखकको दाबी छ। 'हाम्रा प्रचलित पद्धतिका केही मनगणन्ते त केही तार्किक चिन्तनबारे खोजिनिती गरी सकेसम्म प्रमाणका साथ प्रस्तुत गर्ने प्रयास गरिएको छ। अग्निस्थापना विधि एक उचित खुड्किलो हुनेछ भन्ने विश्वास छ।'

पराजुलीले गौशालास्थित नेपाल वेद विद्याश्रम वनकालीबाट माध्यमिक तह उत्तीर्ण गरेका थिए भने वाल्मीकि



अन्टार्कटिका टुर अप्रेटर्स अर्गनाइजेसनले जुन नियम बनाएको छ, त्यसैलाई सबैले पछ्याइरहेका छन् । जुत्ता स्यानिटाइज गर्नुपर्छ । खल्तीमा भएका बिउबिजन त्यहाँ उम्रिन वा त्यसले रोग सार्न सक्छ भनी भ्याकुम लगाएर सफा गर्ने चलन रहेछ ।

पछिल्लो समय अन्टार्कटिकासहित विश्वमा जलवायु परिवर्तनप्रति सचेत समुदाय बढ्दै गएको छ । त्यसको प्रत्यक्ष अनुभव त्यहाँ पुगेर अनुभव गर्ने । औद्योगिक विकास चरमचुलीमा पुगेका देशका कारणले नै हो, ओजन तह खिइँदै गएको र जलवायु परिवर्तन भएको । यद्यपि उनीहरू पनि यसप्रति एकदमै सजग छन् । पर्यावरण बचाउनुपर्छ भन्नेमा सचेत छन् । त्यसकारण पनि म निराश छैन । संसारभर पर्यावरणमैत्री दिगो विकास, पर्यावरणमैत्री पर्यटन, हरित पर्यटनका प्रयास भइरहेका छन् । पहिले अनन्त प्राकृतिक दोहन गरिए पनि अब भने त्यसलाई नियन्त्रण गरिनुपर्छ भन्ने धेरैले आत्मसात् गरेको पाएको छु । त्यसकारण पनि आसै मारिहाल्नुपर्ने ठाउँचाहिँ म देख्दिनँ ।

किताबको वर्णनअनुसार अन्टार्कटिकाको सुन्दरता अद्भुत छ । कहींकतै फोहोर छैन, प्रकृतिलाई कुनै असर पुऱ्याइएको छैन । यता हामीकहाँ पनि हिमसुशोभित सगरमाथा छ । बर्सेनि पर्यटक आरोहण गर्छन् । तर, दुःखद के भने, ती क्षेत्रबाट टनका टन प्लास्टिकजन्य फोहोर संकलन गरिएका समाचार आउँछन् । हाम्रा आधार शिविर, सगरमाथालाई बचाउन अन्टार्कटिका मोडल लागू गर्न सकिन्न ?

त्यहाँको जुन प्राकृतिक सुन्दरता छ, त्यसले डिस्टर्ब हुने कुरै भएन । पर्यटक भएर त्यहाँ जाँदा पनि अन्टार्कटिका टुर अप्रेटर्स अर्गनाइजेसनले जुन नियम बनाएको छ, त्यसैलाई सबैले पछ्याइरहेका छन् । जुत्ता स्यानिटाइज गर्नुपर्छ । खल्तीमा भएका बिउबिजन त्यहाँ उम्रिन वा त्यसले रोग सार्न सक्छ भनी भ्याकुम लगाएर सफा गर्ने चलन रहेछ । त्यसैगरी प्लास्टिकलगायत चिजबिज पनि लैजान नपाइने रहेछ । त्यहाँ पुगेपछि थाहा पाएँ प्रकृतिलाई कुनै असर नपुऱ्याई पर्यटक लैजान सकिँदो रहेछ । कसैले नीति-नियम बनाइदिएको छ, तर पालना गराउने कुनै निकाय छैन । त्यति हुँदाहुँदै पनि जसले नियम बनायो, त्यसैलाई सबैले पालना गरेका छन् । हामीकहाँ त यस्ता नियम पालना गराउने निकाय नै खडा गरिएका छन् । हामीले हरित पर्यटन र दिगो पर्यटन कुरा गर्दै गर्दा त्यसो गर्न जरुरी भइसकेको छ । पर्यावरणलाई बचाउने हो भने यी सबै कुरालाई मध्यनजर गरी राज्यले नीतिनियम बनाएर कडाइपूर्वक लागू गराउनेतिर जानुपर्छ । राज्यले चाहेमा अन्टार्कटिका मोडल नेपालमा पनि लागू गर्न सक्छ ।

ताना शर्माले नेपालका ग्रामीण भेगदेखि बेलायतसम्म पुगेर नियात्रा लेखे । प्रतीक ढकालले हिमाल घुमे, लेखे । युवराज नयाँघरेलगायतले पनि लेखिरहेकै छन् । यात्रावृत्तान्त, यात्रासंस्मरण, जसलाई गैरआख्यान पनि भन्न सकिन्छ, यो विधातर्फ पाठकको रुचि पनि बढ्दै गएको देखिन्छ । एउटा नियात्राकारका हिसाबले यो विधाप्रति तपाईंको जिम्मेवारी के हो ?

मैले भन्दै आएको छु कि म सिकारु लेखक हुँ । केही कुरा लेख्ने अभ्यास पनि हुँदै गएको छ । यही कारण म लेख्छु । तर, यति हुँदाहुँदै पनि आफूलाई व्यवसायी नै मान्छु । लेखन मेरो रुचिको क्षेत्र हो । त्यसैले यसलाई मैले जिम्मेवारी वा योगदानका हिसाबले लिएको छैन ।

मानिन्छ । मानवीय दृष्टिले कठोर मानिने अर्थतन्त्र र कोमल मानिने साहित्यबिच व्यावहारिक जीवनमा कसरी तादाम्यता मिलाउनुहुन्छ ?

मलाई के लाग्छ भने मानिसले जुन पेसा-व्यवसाय सम्हाले पनि दया, करुणा, क्रोध यी सबै संवेदना सबैसँग हुन्छन् । फरक यत्ति हो, कसैमा धेरै होला, कसैमा कम । व्यापार-व्यवसायमा लागेका मानिस डुबेरै लाग्छन् । मैले पनि पहिले त्यस्तै गर्थें । तर, मलाई लाग्यो, मान्छे जिउने त आफ्नो खुसीका लागि, रुचिका लागि हो । त्यसैले आफ्नो खुसी र रुचि के हो त्यसलाई पनि समय छुट्याउनुपर्छ भन्ने लाग्यो ।

व्यवसाय भनेको सिस्टमले, अटो पाइलटले चल्नुपर्छ भन्ने मान्यता राख्छु । केही समयसम्म आफूले नियन्त्रणमा राखे पनि एउटा बिन्दु आएपछि सिस्टममा छोडिदिनुपर्छ । सेल्फ डिसिजन मेकिङ, मनिटोरिङ गर्ने ठाउँमा बसेर बाँकी सबै सिस्टममा छोडिदिने हो भने समय व्यवस्थापन गर्न गाह्रो छैन । त्यसो हुँदो आफ्नो खुसी र रुचिका काम गर्न सकिन्छ । समय व्यवस्थापन नै ठूलो कुरा हो । केलाई प्राथमिकता दिने र केलाई छोड्ने भन्ने हो । त्यहीअनुसार मैले मेरो रुचिको कामलाई अलि बढी समय दिने गरेको छु । यसमा परिवारले पनि सधैं साथ दिएको छ ।

संघर्षका बेला मानिसलाई एक अहोरात्र पनि ४८ घण्टाको भइदियोस् भन्ने लाग्छ । तपाईलाई पनि भयो होला । तर, एउटा चरणमा पुगेपछि र सबै पुग्यो भन्ने लागेपछि रुचिका काम गर्न पाइने वा फिरन्ते भएर घुम्न निस्कन सकिने हो ?

त्यसो त हुँदैहुँदैन । कसैले पनि धनदौलतले पुग्यो भन्दैभन्दैन । किनकि यो त मृगमरिचिका हो । जति भए पनि कमै हुन्छ । तर, तपाईं कतिमा सन्तुष्ट हुने भन्ने कुरा मुख्य हो । यसमा एउटा बोर्डर लाइन राखेर चल्ने अनि यति भएपछि पुग्छ भन्ने र सन्तोष लिने हो । नत्र त यो प्यास अनन्त छ ।

वैज्ञानिकहरूले अन्टार्कटिकाको पश्चिमी भागमा तीव्र गतिले हिउँ परिलइरहेको भनिरहेका छन् । यो जलवायु परिवर्तनको असर हुन सक्छ । तपाईं आफूले पनि त्यहाँ हिउँ परिलएको र कतिपय ठाउँमा नांगा पहाड देखें भन्नुभएको छ । पर्यटन उद्योग फस्टाउँदै गर्दा र प्रकृतिमाथि दिन–प्रतिदिन मानव अतिक्रमण बढ्दै जाँदा अन्टार्कटिकाको अस्तित्व साँच्चै संकटमा छ भन्ने लाग्दैन ?

भिन्न रूपमा भेटिने बुद्ध सन्देशको सान्दर्भिकता



बुद्धको मूल सन्देश 'अप्प दीपो भव' अर्थात् तिमी स्वयं प्रकाश हौ, आफैं प्रकाशित हुन सक्छौ, प्रकाशित होऊ । त्यो प्रकाश इन्द्रेणीझैं शान्ति, ऊर्जा, जागृति, सजगता, समता, साक्षी भाव, आनन्द, दया, करुणा, प्रेम र श्रद्धामा प्रकाशित हुन्छ ।

बुद्धले हरेक मानिसभित्र शान्ति र आनन्द रहेको र यसलाई खोज्ने ज्ञान र विधि दिए । मानिसहरू वृद्धावस्था, बिमार र मृत्युबाट दुःखी भएको देखेपछि शान्तिको खोजीमा उनले दरबार छाडेका थिए । यसपछिको तप ध्यानबाट प्राप्त अनुभव र अनुभूतिको आधारमा बुद्धले शान्ति र आनन्द खोज्ने ज्ञान र विधि पत्ता लगाएका हुन् । 'ज्ञान' हो चार आर्य सत्य र 'विधि' विपश्यना ध्यान ।

बुद्धले आफ्नै जीवनमा शान्ति र आनन्दको अनुभूति गरेर मात्र ज्ञान र विधि हात पारेका हुँदा हरेक मानिसले आफैंले अनुभूति गरेपछि मात्र उसलाई शान्ति र आनन्द बोध हुन्छ । सांसारिक कुरामा फसेर अशान्त र दुःखी भएको पत्ता लगाउँदै बुद्धले मानिसलाई आफैंभित्र फर्किन प्रेरित गरका हुन् । शान्ति दुईथरी हुन्छ । पहिलो भित्री र दोस्रो बाहिरी । बाहिरी परिस्थिति ठिकठाक हुँदा बाहिरी शान्ति प्राप्त हुन्छ । राग, द्वेष र मोहमा नफसी सुखद र दुःखद संवेदनाप्रति समता र साक्षी भावले निरीक्षण गर्दा आफूभित्रैबाट प्राप्त हुने भित्री शान्ति हो । बाहिरी शान्ति परिस्थिति तलमाथि परेपछि भंग हुन्छ । भित्री शान्ति मानिसले जस्तोसुकै परिस्थितिमा पनि अनुभूति गर्न सक्छ ।

शान्तिले चित्त निर्मल बनाउँछ । निर्मल चित्तले प्रेम, करुणा र दया जगाउँछ । प्रेम, करुणा र दयाले अरूको स्वभावको चक्कर र टक्करबाट मुक्त गराउँदै आफ्नो स्वभावमा जिउने कर्म गराउँछ । बुद्धले चार आर्य सत्य- दुःख छ, दुःखको कारण छ, कारणको निवारण छ र निवारण अष्टाङ्गिक मार्ग पत्ता लगाए ।

दुःख निवारणका अष्टाङ्गिक मार्ग सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाक (वाणी), सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि उजागर गरे । विज्ञान प्रविधिको वर्तमान युगमा मानिस सफल हुने सूत्र भनी पश्चिमा विद्वान्ले औंल्याउने गरेका दूरदृष्टि, प्रतिबद्धता, सञ्चार सीप, क्रियाशीलता र सफल हुने बानीको विकास बुद्धले देखाएको अष्टाङ्गिक मार्गबाट सापटी लिएका हुन्, जो अपूरा छन् । सम्यक् स्मृति र सम्यक् समाधि अर्थात् सजगता र ध्यान छुटाएका छन्, अहिलेका विद्वान्ले । फलस्वरूप भौतिक उन्नतिको शिखरमा पुगे पनि मानसिक रोगी भए, साधनस्रोत निरर्थक रहे । किनकि, मानिसले आफ्नो धर्म गुमायो । धर्म हो स्वभाव । कागती अमिलो र अग्नि तातो स्वभावको भएजस्तै शान्ति र आनन्द मानिसको स्वभाव हो । बुद्धले सच्चा धर्मको मार्गशील समाधि र प्रज्ञा हो भन्ने देखाएका छन् । शील समाधि र प्रज्ञाको मार्गमा चल्नेले स्वतः शान्ति र आनन्द प्राप्त गरेको स्वअनुभूति गर्छ पनि । प्राणी हिंसा नगर्नू, चोरी नगर्नू, झुटो नबोल्नू, व्यभिचार नगर्नू र नशालु पदार्थ सेवन नगर्नू जस्ता सदाचार नै शील हो ।

सदाचार पालनामा चित्त एकाग्र गरी वर्तमान अवस्थामा मन टिकाउनु समाधि (ध्यान) हो । म, मेरो र प्रिय-अप्रिय लाग्ने रागद्वेषबाट अलग भई प्रत्येक व्यक्ति, वस्तु र स्थितिलाई जस्तो छ, त्यस्तै रूपमा समता भावले हेर्ने अभ्यास गर्नु प्रज्ञा हो । सुख शान्तिपूर्वक जीवन जिउने आधार नै धर्म भएकाले धर्म धारण गर्नु अनिवार्य छ । त्यसैले संस्कृतमा 'धारणा इति धर्म' अर्थात् धारणा गर्नु धर्म हो भनिएको हो । मन, वचन र कर्मलाई निर्मल चित्तले निरीक्षण गरिरहने अभ्यास नै धर्म धारण हो । त्यस्तै संस्कृतमा अर्को प्रशिद्ध श्लोक छ, 'धर्म रक्षति रक्षतः' अर्थात् जसले धर्मको रक्षा गर्छ, उसको रक्षा धर्मले गर्छ ।

धर्म शान्ति प्राप्तिको मार्ग हो, प्रकृतिको नियम हो, समता हो, सरलता हो, सत्य हो । सहारा धर्म हो, होसियारी र जागृति धर्म हो, मानवता धर्म हो । प्रकृति नै सृष्टिकर्ता हो । तिमी आफैंभित्र रहेको दया, करुणा, प्रेम, श्रद्धाजस्ता गुण नै भगवान् अर्थात् भगवान् तिमी स्वयं हौ । मूर्ति, मन्दिर, चर्च, मस्जिद, गुम्बा त भगवान्का गुण सुझाउने प्रतीक मात्र हुन् । ती प्रतीक नै ईश्वर हुन् भन्ने भ्रममा नपर । आफैंभित्र नियालेर क्षमता, प्रतिभाका गुणरूपी भगवान् चिनेर सदुपयोग गरी शान्त र आनन्दित बन भन्ने शिक्षा हो बुद्धको सन्देश ।

चिन्तन



● रामचन्द्र शर्मा

२५ सय वर्षअघि बुद्धले प्रतिपादन गरेको शिक्षा र सन्देश समयक्रममा विभिन्न व्यक्तित्वले भिन्नभिन्न रूपमा प्रस्तुत गरेको देख्न, सुन्न, पढ्न पाइन्छ । अध्यात्म अध्येता जिद्दु कृष्णमूर्ति सच्चाइ जान्नका लागि विनापूर्वाग्रह र द्वन्द्वरहित भएर स्वयंलाई अवलोकन गर्नुपर्छ, बाहिरी सिस्टमद्वारा जान्न सकिँदैन भन्छन् । उनको आत्मदर्शनले कुनै पुस्तक, कुनै विद्यालय र गुरुले सत्यसम्म पुऱ्याउन सक्दैन, कुनै परम्परा, धार्मिक विचार र दैवीशक्तिले पनि सत्यसम्म पुऱ्याउन सक्दैन, केवल गुमराहमा राख्छन्, सत्यसम्म पुग्ने अन्य कुनै मार्ग छैन भन्छ । एउटा चिजबाट स्वतन्त्र हुनासाथ अर्को चिजमा बाँधिने मानवलाई सच्चा स्वतन्त्रता दिलाउँदै भूत र भविष्यमा नफसी वर्तमानमा जीवन जिउन प्रेरित गर्दै मानवताको सही मार्ग देखाउनु कृष्णमूर्तिको आत्मदर्शनको मुख्य उद्देश्य देखिन्छ, जुन बुद्धको मूल सन्देश हो ।

भागवत् गीताको दोस्रो अध्यायको ४५औं श्लोकमा श्रीकृष्णले चिन्ता र तनावग्रस्त अर्जुनलाई 'त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन । निर्द्वन्द्वो नित्यसत्वस्थो निर्योगक्षेम आत्मवान्' भनेका छन् । अर्थात्, सत्व, रज र तम तीन गुणको संयोगले बनेको तिम्रो शरीरभन्दा पर (मनको गहिराइमा) जाऊ, शान्ति पाउँछौ भनी समत्वभावमा रहने उपदेश दिइएको छ । आफ्नो स्वाभाविक अवस्था अनुभव गर्न भित्र होऊ, आफैंलाई नियाल भनिएको हो । आचार्य सत्यनारायण गोयन्काले मानिसमा उत्पन्न हुने सुखद र दुःखद संवेदनाप्रति शान्त सजग र समता भरिएको चित्तले साक्षी भावमा निरीक्षण गर्न लगाई राग, द्वेष र मोहजस्ता विकारबाट मुक्त रहने बुद्धको शिक्षा र विपश्यना ध्यानको साधना भारतलगायत आफैंभित्र नियालेर क्षमता, प्रतिभाका गुणरूपी भगवान् चिनेर सदुपयोग गरी शान्त र आनन्दित बन भन्ने शिक्षा हो, बुद्धको सन्देश


अन्य मुलुकमा फैलाएको पाइन्छ । स्वामी विवेकानन्दले चार आर्य सत्यको बुद्ध शिक्षा वैज्ञानिक छ भन्ने टिप्पणी गरेका छन् । ओशोले जगत्को गतिशीलता स्वीकार गर्दै आफू र अस्तित्वबिच समरसता भाव राख्नु नै शान्ति हो भनेका छन् । महर्षि रमणले नेतिनेति गरी शरीरका सबै अंग र नाम म होइन भन्दै म खोज्दै जाँदा सच्चिदानन्द स्वरूप भेटिन्छ भनी विषयवस्तुतर्फ नदौडी आफैंलाई अवलोकन गर्दा शान्ति र आनन्द प्राप्त हुने रहस्य खोलेका छन् । हाम्रो देशमा विगतदेखि जीवन विज्ञान विशेषज्ञद्वय रमेश नेपाल र एलपी भानु शर्माद्वारा बुद्धको शिक्षासमेत समेटेर योगध्यानको साधना गराउँदै आइएको छ । रमेश नेपालद्वारा लेखिएको मैले मलाई भेटेको दिन सम्झी-सम्झी मन हुन्छ फुरुंग भन्ने गीतले बुद्धको सन्देश बोकेको छ । गीतमार्फत मनको ढोका खोलेर भित्र पसी शान्ति र खुसी भेट्न, आफूभित्र रहेको मूल ज्योतिबाट प्रकाशित हुन र सजगताले क्षण सपार्दै वर्तमानमा बाँच्न उपदेश दिइएको छ ।

हाम्रो देश पुनः राजावादी र गणतन्त्रवादीको युद्धमैदान बनेर अहिलेसम्म बचेको नेपालको अस्तित्व संकटमा पर्ने हो कि भन्ने आशंका जन्मेको आजको पेचिलो अवस्थामा बुद्धको सन्देशको सान्दर्भिकता बढेर गएको छ । स्वदेशमा केही हुँदैन, विदेशै ताक्नुपर्छ भन्ने नकारात्मक भावले ग्रसित भई चिन्ता र तनावमा रहेका युवामा सकारात्मक भाव र शान्ति प्रतिस्थापित गराई तनाव र चिन्तामुक्त गराउने अचुक अस्त्र नै बुद्धको सन्देश र शिक्षा भएको हुँदा बुद्धको सन्देश मुलुकका लागि सान्दर्भिक मात्र होइन, अनिवार्य आवश्यकता बनेको छ ।

अन्त्यमा, बुद्धले शान्तिका लागि महल परित्याग गरे, हामीले महलका लागि शान्ति गुमाउँदा अनेक समस्याले घेरिएका छौं । असल मानिस बनाएर जीवनको मूल्य बढाउने शील समाधि र प्रज्ञा(सच्चा धर्म) लोप हुँदै हिन्दु, बौद्धजस्ता धार्मिक सम्प्रदाय हाबी हुन पुगी अशान्त र द्वन्द्वग्रस्त भएको आजको समाज शील समाधि र प्रज्ञा पुनर्वहाली गरेर मात्र शान्त हुनेछ । सच्चा धर्मले मानिसमा आफूमा अरू, अरूमा आफू देख्ने तथा सुखद वा दुःखद परिस्थितिलाई समता र साक्षी भावले निरीक्षण गर्दै अविचलित रहने क्षमता विकास गरिदिन्छ । समताको गुणले मानिसको अहंभाव नाश हुन्छ । अहंतारहित व्यक्तिले 'म' र 'तँ' का पक्षपाती दृष्टिकोण हटाउँदै सबैको भलाइका लागि धनी, गरिब र जातीयतालगायत उँच-निचको पर्खाल भत्काउँदै सहयोग, सद्भाव, सहकारिता, सहिष्णुता र सौहार्दपूर्ण वातावरण सिर्जना गर्छ ।

देशको समस्या समाधान गर्न सबै पक्षले योगदान गर्न सक्ने सच्चा समावेशी स्वच्छ राजनीतिको विकास आवश्यक छ । वादको अवाञ्छित प्रतिस्पर्धा विनाशकारी हुनेछ । स्वच्छ राजनीतिले नेपाली सम्मृद्धिको ढोका खोल्नेछ । बुद्धको शिक्षा र सन्देशमा स्वच्छ राजनीति फुल्ने र फल्नेछ ।

कर्मकाण्ड सिकाउने अग्निस्थापना विधि




१२२ पृष्ठको पुस्तकमा विशेषगरी विधि, निषेधहरूको प्रशस्त प्रमाण प्रस्तुत गरिएको लेखकको दाबी छ

विद्यापीठबाट उच्चशिक्षा पूरा गरेका हुन् । उनी वाल्मीकिमै इतिहास पुराणमा आचार्य तहमा अध्ययनरत छन् । पराजुलीले ०६७ सालमा वेद विद्याश्रम अध्ययनकै क्रममा अग्निस्थापना विधि लेख्ने योजना बनाए पनि सफल नभएको बताए । योग्यता र अविश्वासका कारण लामो समय कुर्नुपरेको दुःख उनले सुनाए ।

वाल्मीकि विद्यापीठका पूर्वमीमांशा विभागका सहायक प्राध्यापक नवराज न्यौपानेले बजारमा पाइने अन्य अग्निस्थापना विधिभन्दा पराजुलीको पुस्तक फरक रहेको सुनाए । उनले भने, 'कर्मकाण्ड वैदिक सनातन धर्मको आत्मा हो । नित्य नैमित्तिक र काम्यका भेदले ती कर्मकाण्ड पनि तीन प्रकारका छन् । कर्मकाण्ड विधिपूर्वक अनुष्ठान गरेमा मात्र फलोत्पादक बन्न पुग्छ । अग्निस्थापनाको पुस्तक बजारमा उपलब्ध अन्य पुस्तकभन्दा राम्रो देखिएको छ ।'

भ्याप्पै !



रवि मिश्र
@rabimishra



मेरी अप्सरा

महलका अत्तर मगमगाउने, सुनका पाउजु लगाउने कोमल शरीरका इलिट महिलाका ३२ गुणसँग गरिखाने महिलाका खम्बा हत्केला र पसिनामिश्रित श्रम सुन्दरतासँग तुलना हुन सक्दैन

समाज



● धनकुमारी सुनार



कट्यांग्रिँदो चिसो होस् वा हपहपी गर्मी । अप्सरालाई सधैँ हतार हुन्छ । कहिले हँसिलो मुद्रा, कहिले तनावमय र कहिलेकाहीँ निराशवाला मुहार लिएर कुदिरहेको देख्छु । म यहाँ एउटा मात्र अप्सराको कुरा गरिराखेको छैनँ । म बस्ने हाउजिङपरिसरमा हरेक दिनजसो भेट्ने आधा दर्जनजति अप्सराहरूको कुरा गरिराखेको छु । प्रायः ती अप्सरासँग घरबाट बिहान निस्किँदा र साँझ प्रवेश गर्दा मेरो जम्काभेट हुन्छ ।

मोटा, दुब्ला, अग्ला, होचा, गोरा र काला अप्सराहरूसँग आँखा जुध्दा म फिसिक्क हाँस्छु । हालखबर सोध्छु । उनीहरू पनि त्यस्तै गर्छन् । मेरो ठम्याइमा यी अप्सरालाई हाउजिङका लब्धप्रतिष्ठित महिला र पुरुष खासै गन्दैनन् । बरू पढेलेखेका भनिएका महिलाहरू गर्मी महिनाको साँझपख वा जाडो महिनाको घाम तपाइको क्षण अप्सराबारे तिखा टिप्पणी गरिराखेको सुन्छु । उनीहरूका टिप्पणीको सार हुन्छ- समयमा काम गर्दैनन्, भरपर्दो कामै गर्दैनन्, एटिच्युड देखाउँछन् यस्तै यस्तै...। अप्सराबारे टिप्पणीको खात एक अर्गानोजति पोखिँदा अप्सराहरूका दुःख, खेप्नुपरेको पितृसत्ताको कहर, तिनका भोक, रोग र शोकबारे खासै चर्चा हुँदैन । त्यसैले त अप्सराका लागि काम गर्ने घरहरू औसतमा मालिककका हुन्, प्रियजनका होइनन् । हुनत 'महिला लिंग' महलमा बस्ने हुन् कि झुपडीमा बाउ, पोइ, दाइभाइ लिंगको नोकर नै हुन् । त्यसै आधा धर्ती निर्णायक भूगोलबाट गायब भएका छन् र ? कथाव्यथा लामो छ ।

सहरिया जीवनमा जब महिला घरबाहिर पैसो कमाउने काममा लागे घरधन्दा कसले गर्ने ? कामकाजी महिलाले अर्थआर्जनसँगै करिब ९० प्रतिशत घरायसी बोझ बोक्न अर्को कुनै मान्छे चाहियो । गरिबी र बेरोजगारीले पिरोलिएका, सस्तोमा सजिलै उपलब्ध हुने भनेकै अप्सराहरू हुन् । वर्गीय उत्पीडनले थिल्थिलो भएका अप्सराहरू आफ्नो कामको मोलमोलाइ गर्न सक्दैनन् । राज्यको नियमले अप्सराहरूको श्रमको मोलतोल अझै गर्न भ्याएको छैन । सस्तो श्रममा घरधन्दा गर्न बाहिरबाट आएका वा घरमै शरण लिएर बसेका महिला र बालिका श्रमिकहरू मालिक पुरुषको वासनाका सिकार हुन्छन् । गरिब थारू समुदायका किशोरी कम्लरी बस्दा यौनशोषणको माखेजालोमा परेका सर्यौं घटना बाहिरिएका छन् । १०४ वर्षे राणाशासनमा दरबारमा श्री ३ महाराज र अन्य राजखलकका प्रत्येक जनका सेवामा सुसारेहरूको लस्कर हाजिर हुन्थे । भित्रिया र बाहिरियाका नाउँमा थरीथरीका उमेर र जातका किशोरी दासीका रूपमा रहन्थे ।

घरधन्दा गर्दा तैले गरेको यो मिलेन, त्यो मिलेनको नाउँमा अप्सराहरूमाथि थुप्रै मानसिक र शारीरिक हिंसा भएका घटना बग्रेल्ती सुन्न र देख्न पाइन्छ । कतिपय गम्भीर प्रकृतिका घरेलु र यौनजन्य उत्पीडन अप्सराहरूमाथि घट्छन् । जुन भित्रभित्रै थोरै पैसा दिएर, समाजमै मिलाएर, प्रशासनका बडा हाकिमलाई घुस खुवाएर सामसुम पारिन्छ । किनकि, प्रायः अप्साराका पक्षमा बोलिदिने सरकार, कानुन र विवेकी मान्छे गायब छन् समाजमा ।

जातको सट्टापट्टा

रहँदाबस्दा मैले अप्सराहरूसम्बन्धी एउटा गोप्य तथ्य पत्तो लाएँ । एक अप्सरा मेरोमा काम गर्न आएको दुई महिनापछि उसको वास्तविक जात पत्ता लाग्यो । त्यो पनि उसकै मुखारविन्दबाट । सुरुमा भुजेल बनेर आएकी अप्सरा त सार्की समुदायकी पो रहिछ । त्यसताका मलगायत हामी केही साथीहरू रुकुम नरसंहारबारे निकै छलफल गर्थ्यौं । अप्सरा निकै चासो दिएर सुन्थी । अन्तर्जातीय विवाह गर्न गएका नवराज विकसहित ६ युवालाई १० जेठ ०७६ मा रुकुम सोतीमा सर्यौंको संख्यामा गाउँ नै उर्लेर कुटिकुटी मारेर सेती नदीमा फालिएको थियो । हामी अपराधीलाई हदैसम्मको कार्बाही र पीडित परिवारलाई न्याय दिने आन्दोलन र उपायबारे गहन छलफल गर्थ्यौं ।

छलफलकै मेसोमा अप्सराले थाहा पाई म दलित समुदायको हुँ भन्ने । अनि ऊ खुलस्त भई । एकदिन उसले अलिक हच्किँदै आफू दलित भएको बताई । उसकै अनुसार प्रायः घरेलु श्रम गर्ने उसका थुप्रै साथी दलित समुदायकै छन् । उसको जिकिर थियो, 'अब दलित भन्यो भने घरमा काम नै दिँदैनन् अनि ढाँट्न परेन त ?' उसको कुरा सुनेर हामी दुवै मज्जाले हाँस्यौं । आजभोलि अप्सराहरू बोल्न थालेका छन् । आफ्नो कामको उचित ज्याला खोज्नु, श्रमको सम्मान खोज्नु उनीहरूको सार्वभौम अधिकार हो । मेरोमा आउँदै अप्सरा अलिक अडान (अरूले एटिच्युड देखाएको भन्थे) देखाएको मलाई राम्रै सम्झना छ ।

मलाई चाहिँ भन्न कथित अटिच्युड देखाउनेवाली पो मन परी । श्रम गरेबापत 'यति पारिश्रमिक चाहिन्छ, मलाई हप्ताको एक दिन छुट्टी चाहिन्छ ।' कहिलेकाहीँ कुनै काम गर्न मन नलागे आज गर्दिनँ, भोलि गर्छु टाइपको अडान आफैँमा सुन्दर विद्रोह हुन् । जसले मान्छे हुनुको बोध गराउँछ । आफ्नै अस्तित्व नामेट हुने गरी त किन पो परिश्रम गर्नु र ? तर, आमबुझाइमा अप्सराहरूले विद्रोह गरेको, जवाफ फर्काएको पाच्य हुने कुरै भएन । घरधन्दा, जसलाई 'लुते धन्दा' भनेर हियाइन्छ । श्रम र मूल्यको गणना नै हुँदैन । राज्यले थिति नबसाएको कुरामा अप्सराहरूले कुनै दाबी गर्न सक्ने कुरो नि भएन ।

मेरो दुःखले जोडेको साइनो

मेरो सन्दर्भमा घरायसी काम गर्न जाँगर नलागेर, पैसा टन्न भएर अप्सराहरूको सहारा लिएको पटक्कै होइन । कहिलेकाहीँ त अप्सरालाई थोरै पैसा दिन नि हम्मेहम्मे पर्ने । आफू बाहिर पनि काम गर, घरभित्र पनि गर । कामले हुरुक्क हुनुभन्दा बरु जसरी भए पनि थोरै पैसाको मेसो मिलाउनुपर्छ भनेर थरीथरीका आधा दर्जनजति अप्सरासँग अन्तरंग साइनो लगाउन पुर्गें । साना नानीहरूसहित राजनीति, सामाजिक कार्य र लेखपढको काम महाभारत नै त थियो मेरा लागि । जो घरबाहिर निस्कन्छन्, अझ एक किसिमले घर र समाजमा विद्रोह गर्छन्, ती महिलालाई फलामको चिउरा चपाउनुजत्तिकै छ समाजमा ।

परिवारकै भतिजी र छोरीहरूले पनि मनग्य मेरा केटाकेटी र मेरो स्याहारसुसार गरे । मेरो थकाइको साक्षी बनेका छन् उनीहरू । आफन्तबाहेक मेरा दुःखमा जोडिएका आधा दर्जन अप्सराले मेरा साख्खै रगतको नाता र माया गर्नेहरूले भन्दा बढी गुन लगाएका छन् । मेरा थोरै गणनायोग्य कुनै काम छन् भने त्यसका योगदानकर्ता अप्सराहरू पनि हुन् ।

मान्छे बन्न नपाएका अप्सरा

अप्सराहरूसँग मलाई बात मार्न औधी मन पर्ने । कुरै कुरामा उनीहरू घर, नातागोता, श्रीमान्, प्रेम र यौनबारे सुनाउँछन् । धेरै अप्सराका कथाचाहिँ श्रीमान् कुलतमा फसेका, कमाएर नदिने, कुटपिट गर्ने छन् । सँगै जुन घरमा धन्दा गर्छन्, त्यो घरका पात्रबारे पनि चर्चा हुन्छ । सन्दर्भहरू तिता, मिठा हुने नै भए ।

धन्दा गर्ने घरमा 'तिमी, त...' भन्ने, भुइँमा बस्न लगाउने, घरबेटीले लगाउने चप्पल अप्सराहरूले लगाउन नहुने, शनिबार छुट्टी नदिने, बासी भात खान दिने, कोहीले त चार-पाँच घण्टा काम गर्दा पनि एक कप चियासम्म खान नदिने गर्दा रहेछन् । कोही काम लगाएको पैसा जतिसक्दो कम दिन खोज्ने खालका रहेछन् । राज्य के हो ? यसको शोषणरूपी जालो मान्छेका भान्सा, बेडरुमसम्म पुग्छ भन्ने कुरा प्रायः अप्सरालाई थाहा हुन्न । थाहा पाउन जरुरी पनि ठान्दैनन् । सरकार, नेता, पार्टी, नीति कानुन छ भन्नेसम्म चाहिँ उनीहरूलाई थाहा छ, तर यो हुनु र नहुनुले उनीहरूको जीवनमा केही फरक पार्दैन । आफ्नो दुःख, पिरमर्का नछुने भएसि कुनै कुरा हुनु र नहुनुको के अर्थ ?

पितृसत्ताले अभिशप्त अप्सरा

नेपाली समाजमा छोरी मान्छेलाई कथित बहुतै सुन्दर उपमा दिनुपर्दा परी वा अप्सरा भनिन्छ । भनिएको बान्की मिलेको रूप र शरीरलाई सोह्र शृंगार गरेका मूलतः युवतीलाई परी, अप्सरा भनिन्छ । धर्मग्रन्थमा उल्लेख भएका अप्सराका काम, कर्तव्य हेर्दा त अप्सरा त बिचरा पात्र मात्रै हुन् । अप्सरा योनी भएका कथित स्वर्गका पुरुष देवताका चरणदासी हुन् ।

हिन्दु मिथकमा चर्चा गरिने अप्सरामध्ये उम्दा र चर्चित उर्वशी, मेनका र रम्भाको सुन्दरताको बखान सामान्य छैन । चर्चामा अप्सराहरू कथित स्वर्गका राजा इन्द्र र अन्य देवहरूको मनोरञ्जनका साधन हुन् । किंवदन्तीअनुसार अप्सरा देवताहरूलाई नृत्य, गायन र यौनबाट मनोरञ्जन गराउँछन् ।

मिथकअनुसार कथित स्वर्गमा नन्दन नामको अत्यन्त राम्रो बगैंचा छ । सबै देवता र पुण्य गर्ने मानिस अप्सरासँग स्वर्गमा भोग, विलास र बिहार आदि गरेर आनन्दमा रमाउने सपना साँच्छन् । वेलावेला कथित ठुला भनिएका देवताहरू ऋषिको तपस्या भंग गर्न, शक्तिशाली असुर जातिको सत्ता सिध्याउन अप्सरालाई मोहराको रूपमा प्रयोग गर्छन् । हिन्दु धर्मशास्त्रमा स्वर्गका राजा इन्द्रदेवसँग जोडिएका अप्सराहरूको विशेष उल्लेख पाइन्छ आखिर कथित देवलोकमा पनि महिला दोयम हालमै छन् । भन् अप्सराहरू त देवसत्ता र पुरुषका कठपुतली हुन् ।

श्रमले सुन्दर अप्सरा

संसारमा सबैभन्दा सुन्दर के हुन्छ ? सुन्दरताको परिभाषा समुदाय, भूगोल र वर्गसापेक्ष हुन्छ । कसैलाई रातो रङ मन पर्छ, कसैलाई कालो । महलका अत्तर मगमगाउने, सुनका पाउजु लाउने कोमल शरीरका इलाइट महिलाका ३२ गुण गरिखाने महिलाको खम्बा हत्केला र पसिनामिश्रित श्रम सुन्दरतासँग तुलना हुन सक्दैन ।


सिर्जनशीलता र श्रम नै सुन्दरताको उत्कृष्ट मापन हो । महिलाको श्रम सुन्दरतालाई लुकाएर छाला र बैंसको सुन्दरतालाई मात्रै बखान गर्ने पितृसत्तात्मक राजनीति हो । जसले हजारौं वर्षदेखि महिलालाई ज्ञानको उज्यालोबाट वर्जित गर्दै आएको छ । विश्व भूगोलमा दोयम स्थानमानमा रहेका अप्सराहरू जुन दिन पूर्ण रूपले स्वतन्त्र र मर्यादित हुन्छन्, तब मात्रै श्रम सुन्दरताको मापनको घनत्व ओजिलो बन्नेछ ।

आमबुझाइमा अप्सराहरूले विद्रोह गरेको, जवाफ फर्काएको पाच्य हुने कुरै भएन । घरधन्दा, जसलाई 'लुते धन्दा' भनेर हियाइन्छ । श्रम र मूल्यको गणना नै हुँदैन । राज्यले थिति नबसाएको कुरामा अप्सराहरूले कुनै दाबी गर्न सक्ने कुरो नि भएन ।

अब्दुल्लाह ओकालानको आह्वानले ल्याएको परकम्प

पिकेके र टर्की सरकारबिचको दशकौं लामो द्वन्द्वमा ४० हजारभन्दा बढीको ज्यान गइसकेको छ

विदेश



● ओजग जेन्क



ओकालानको तस्बिरअंकित झन्डा बोकेका समर्थक

टर्कीको सशस्त्र समूह 'कुर्दिस्तान वर्कर्स पार्टी' (पिकेके)का संस्थापक अब्दुल्लाह ओकालानले समूहलाई विघटन गर्न गरेको आह्वान टर्कीभित्र मात्र नभई त्यस क्षेत्रभरि प्रतिध्वनित भइरहेको छ । यो कुरा भर्खरै कुर्दिस नेतृत्वमा रहेको 'सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ)' र सिरियाली सरकारबिचको सम्झौतामा पनि प्रतिबिम्बित भयो । ओकालानको सन्देशले टर्कीको सुरक्षा नीतिदेखि कुर्दिस समूहहरूको भविष्यको स्थितिसम्मलाई पुनः परिभाषित गर्न सक्ने देखिएको छ । यसो भए समग्र क्षेत्रीय शक्ति गतिशीलता बदलिनेछ ।

फेब्रुअरीको अन्त्यतिर टर्कीको जेलबाटै जारी विज्ञप्तिमा ओकालानले पिकेकेलाई 'महाधिवेशन बोलाउन र एक निर्णय लिन आह्वान गर्न' भनिएको छ । 'सबै समूहले आफ्ना हतियार बिसाउनुपर्छ र पिकेके समूह विघटन हुनुपर्छ' विज्ञप्तिमा भनिएको छ । इराकको कान्डिल पर्वतमा कमान्ड सेन्टर कायम राखेको पिकेकेको नेतृत्वले ओकालानको आह्वानको प्रतिक्रियामा अन्तिम विघटनसहित एकतर्फी युद्धविरामको घोषणा गऱ्यो । निःशस्त्रीकरण र अन्य विषयको निर्णय भने समूहको एक वा दुई महिनामा हुने महाधिवेशनले निर्णय गर्ने भनिएको छ ।

टर्कीले भने पिकेकेको सिरियाली शाखासहित सबै पिकेकेसम्बद्ध समूह विनासर्त विघटन हुनुपर्ने अडान कायम रहेको बताएको छ । पिकेकेले टर्की सरकारसँग लडेको दशकौं लामो द्वन्द्वमा ४० हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ । ओकालान वैचारिक रूपमा आन्दोलनको नेता हुनुका साथै सन् १९९९ मा पक्राउ पर्नुअघिसम्म समूहका प्रमुख थिए । टर्की, संयुक्त राज्य अमेरिका र युरोपेली संघ पिकेकेलाई आतंकवादी संगठन मान्छन् । ओकालानले विगतमा युद्धविरामको आह्वान गरेका थिए । तर, पहिलोपटक उनले पिकेकेलाई विघटन गर्न भनेका हुन् । यसका पछाडि सम्भवतः कुर्दिस राजनीतिक आन्दोलनमा परिवर्तन, टर्की राज्य रणनीति र व्यापक क्षेत्रीय पुनर्संरचना, विशेषगरी सिरियामा विकसित गतिशीलता जोडिएको हुन सक्छ ।

■ कुर्दिस 'डर कारक' हटाउँदै

सशस्त्र संघर्षको घट्दो रणनीतिक मूल्य कुर्दिस राजनीतिक खेलाडीको उदयसँगसँगै भएको छ । यसले टर्किस राजनीतिमा 'डर फ्याक्टर'को रूपमा पिकेकेको भूमिकालाई कमजोर बनाउँछ । अर्थात्, शान्तिपूर्ण कुर्दिस राजनीतिले गति लिँदै जाँदा पिकेकेको प्रभाव घट्दै गइरहेको छ । जुन २०१५ मा भएको निर्वाचनमा 'पिपुल्स डेमोक्रेटिक पार्टी (एचडिपी)'ले संसदीय प्रतिनिधित्व सुरक्षित गर्न आवश्यक पर्ने १० प्रतिशत चुनावी थ्रेसहोल्ड पार गरेर नयाँ जग बसालेको थियो । यो उपलब्धि कुर्दिस समर्थक दलहरूले पहिले स्वतन्त्र उम्मेदवार उठाएर मात्र हासिल गरेका थिए ।

कुर्दिस मतले टर्कीएको राजनीतिक परिदृश्यलाई आकार दिने भएकाले आज 'पिपुल्स इक्वालिटी एन्ड डेमोक्रेटिक पार्टी (डिइएएम)'को नामले चिनिने यो पार्टीले चुनावमा निर्णायक भूमिका खेल्छ । यस पृष्ठभूमिमा, पिकेकेको विघटनका लागि ओकालानको आह्वान लोकतान्त्रिक प्रणालीभित्र कुर्दिस राजनीतिक प्रतिनिधित्वका लागि ठाउँ विस्तार गर्ने प्रयास हो । शान्तिपूर्ण राजनीतिक दलमार्फत कुर्दिस राजनीतिक परिचालन सशस्त्र संघर्षभन्दा बढी शक्तिशाली र प्रभावशाली भएको छ । राज्यले विभिन्न प्रतिबन्ध लगाउँदासमेत यो प्रभाव वृद्धि रोकिएको छैन ।

जस्तो- २०२४ को नगरपालिका चुनावपछि, केन्द्र सरकारले केही कुर्दिसबहुल नगरपालिकामा आफूप्रति बफादार उम्मेद्वार नियुक्त गरेको छ । डिइएम पार्टीका निर्वाचित मेयरलाई पदभार ग्रहण गर्नबाट रोक्न यस्तो कदम चालिएको हो । यद्यपि, यी प्रतिबन्ध कुर्दिस समर्थक राजनीतिको क्रमिक सामान्यीकरणसँगै सहज हुन सक्छ । आज टर्किस राजनीतिमा पिकेकेप्रति सहानुभूति राखेको आरोपकै भरमा कठोर सजाय हुने गरेको छ । समग्र आन्दोलनमाथि लागेको 'आतंकवादी' आरोप हट्दा परिस्थिति धेरै सुधारिन सक्छ ।

> पिकेकेको विघटनका लागि ओकालानको आह्वान लोकतान्त्रिक प्रणालीभित्र कुर्दिस राजनीतिक प्रतिनिधित्वका लागि ठाउँ विस्तार गर्ने प्रयास हो । शान्तिपूर्ण राजनीतिक दलमार्फत कुर्दिस राजनीतिक परिचालन सशस्त्र संघर्षभन्दा बढी शक्तिशाली र प्रभावशाली भएको छ ।

तथापि, अझै पनि सरकारभित्र र राष्ट्रवादी वृत्तका कट्टरपन्थी समूहहरूले कुर्द राजनीतिज्ञको सामान्य राजनीतिमा प्रवेशको प्रतिरोध गर्ने सम्भावना छ । एके पार्टीको २३ वर्षे शासन अन्त्य गर्न प्रयास गरिरहेको रिपब्लिकन पिपुल्स पार्टी (सिएचपी) यो पहललाई समर्थन गर्न हिचकिचाइरहेको छ । सिएचपीले आधिकारिक रूपमा 'कुर्दिस मुद्दा'को शान्तिपूर्ण समाधानलाई समर्थन गरेको छ । तर, उसले एर्दोगानको सरकारको नेतृत्वमा चल्ने प्रक्रियाप्रति सन्देह जनाएको छ । यसबाहेक, सिएचपी यो प्रक्रिया सफल भयो भने एके पार्टीको कुर्दिस मतदातामाझ लोकप्रियता बढ्ने कुराप्रति पनि सतर्क छ । अहिलेका लागि यसले पर्ख र हेरको नीति अपनाएको छ । किनभने, सम्पूर्ण प्रक्रिया पिकेकेको विघटनमा अडिएको छ, जुन अझै कार्यान्वयन भइसकेको छैन ।

■ सिरियाली समीकरण

ओकालनको आह्वानले यस क्षेत्रभरि गैरराज्य सशस्त्र समूहले अस्तित्व र वैधताका लागि गरिरहेको संघर्षलाई प्रतिबिम्बित गर्छ । उत्तरी सिरियामा डेमोक्रेटिक युनियन पार्टी (पिवाइडी) र यसको सैन्य विभाग पिपुल्स डिफेन्स युनिट्स (वाइपिजी)ले आफ्नो भूमि र राजनीतिक अवस्थिति जोगाइराखेको छ । सन् २००३ मा पिकेकेको सिरियाली शाखाको रूपमा स्थापित पिवाइडी पछि स्वतन्त्र रूपमा सञ्चालित हुन थाल्यो । अंकारा र सिरियामा सक्रिय अंकारा-समर्थित समूहले धेरैपटक यस समूहलाई निसाना बनाइसकेका छन् ।

ओकालान यो आशाबाट प्रेरित हुन सक्छ कि पिकेके विघटित भयो भने टर्की र पिवाइडीबिचको टकराव घट्न सक्छ र सो समूहले नयाँ सिरियाली शासन र संविधानभित्र स्वशासनको अधिकार बचाइराख्ने सम्भावना रहन्छ । यस दिशामा एउटा महत्त्वपूर्ण कदम गत सोमबार (मार्च १०मा) आयो । त्यस दिन वाइपिजीसमेत सम्मिलित एसडिएफले दमास्कसमा सिरियाका अन्तरिम राष्ट्रपति अहमद अल-सारासँग आफ्नो सेनालाई सिरियाली सेनामा विलय गर्ने सहमतिमा हस्ताक्षर गऱ्यो । सहमतिमा अन्य धेरै आर्थिक, सामाजिक र राजनीतिक मोर्चाहरूमा सहयोगको विषय समेटिएको छ । अहिलेसम्मका लागि सम्झौतालाई एर्दोगानले समर्थन गरेका छन् । सम्झौताको पूर्ण कार्यान्वयनले सिरियाको सुरक्षा र स्थिरतामा सहयोग पुग्ने साथै सबै सिरियालीलाई फाइदा पुग्ने उनले प्रतिक्रिया दिएका छन् ।

■ भावी मार्ग

'कुर्दिस मुद्दा'को शान्तिपूर्ण समाधानले टर्कीको कूटनीतिक प्रभाव बढाउन सक्छ । विशेषगरी युरोप र अमेरिकासँगको अन्तरविरोधका कारण बन्दै आएको कुर्द समस्या हटेपछि दुई पक्षको सम्बन्ध थप सुधारिनेछ । दिगो शान्ति प्रक्रियाले इराक र सिरियासँगको टर्कीको तनावलाई पनि कम गर्न सक्छ । टर्की ती देशमा रहेका कुर्दिस समूहविरुद्ध समय-समयमा सैन्य आक्रमण गर्दा तनाव बढ्ने गर्छ । यसले बग्दाद र दमास्कसको नयाँ सरकारसँग अंकराको सुरक्षा र आर्थिक सहयोगलाई अझ बलियो बनाउनेछ ।

शान्ति प्रक्रिया अघि बढेमा मुख्य ध्यान पिकेकेका लडाकुको भविष्यमा केन्द्रित हुनेछ । टर्कीमा तीव्र हुँदै गएको सार्वजनिक बहसका अनुसार यसमा धेरै सम्भावित विकल्प छन् । केही लडाकुले कानुनी आममाफी पाउन सक्छन् । यो समूहले समाजमा पुनर्स्थापनाका लागि राज्यबाट आर्थिक सहयोग पाउन सक्छन् । बाँकी धेरै वैधानिक कुर्दिस राजनीतिक संरचनामा समाहित हुनेछन् । पिकेकेका शीर्ष नेतालाई तेस्रो देशमा स्थानान्तरण गर्न सकिन्छ ।

अन्ततः यस प्रक्रियाको दिगोपन अर्थपूर्ण लोकतान्त्रिक सुधार, कुर्द सम्प्रदायको सांस्कृतिक र राजनीतिक अधिकारको विस्तार, नागरिक स्वतन्त्रताको रक्षा र थप समावेशी राजनीतिक व्यवस्थाले निर्धारण गर्नेछ । तर, टर्कीको राज्य पक्षबाट भएका हालसम्मका घोषणामा यीमध्ये कुनै पनि प्रमुख सुधारहरू समावेश गरिएका छैनन् । यी आधारभूत परिवर्तनविना पिकेकेको विघटन कसरी होला भन्ने खुला प्रश्न बाँकी नै रहन्छ । अरू केही नभए पनि अहिलेका लागि लडाकुहरूको निःशस्त्रीकरण, विघटन र पुनः एकीकरणका लागि कानुनी रूपरेखा आवश्यक हुन्छ ।

पिकेकेको युद्धविराम शान्ति प्रक्रियामा एक उल्लेखनीय पहिलो चरण हो । तर, यसको दीर्घकालीन व्यावहारिकता तिनलाई कसरी संस्थागत गरिन्छ भन्नेमा निर्भर हुन्छ । यो कुरा रणनीतिक वा हतारमा गरिएको सम्झौताले प्रदान गर्न सक्दैन । साथै, यो पनि ख्याल गर्नुपर्छ कि कुनै पनि शान्ति प्रक्रिया सम्झौताहीन माग वा आदर्श, घर्षणरहित रोडम्यापका आधार विकास गर्न सकिँदैन । दिगो शान्तिका लागि व्यावहारिक समाधान, चरणबद्ध कदम र वार्तामा अवरोध, प्रतिस्पर्धी हित र पारस्परिक लेनदेनको विषय आउँछ भन्ने स्वीकारोक्ति आवश्यक हुन्छ ।

*(मिडल इस्ट काउन्सिल अन ग्लोबल अफेर्स'की आगन्तुक फेलो ओजगको लेख अल जजिराबाट **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ९ चैत ०८१

कोशीमा उत्पादित चियामध्ये ८६.७२ प्रतिशत निर्यात

राष्ट्र बैंकको अध्ययन भन्छ– कच्चा पदार्थको अभाव, विद्युत् आपूर्तिमा अनियमितता, प्राविधिक र दक्ष जनशक्तिको अभाव, निर्यातमा भारतको अवरोध, मागमा कमीलगायत कारणले उद्योगहरू कम क्षमतामा सञ्चालन भइरहेका छन् ।



- २.८३ अर्बको मूल्य अभिवृद्धि
- कुल जिडिपीमा ०.०५% र कोशीको जिडिपीमा ०.३३% योगदान
- कोशीमा १०० अर्थोडक्स चिया उद्योग
- एक लाख ७५ हजार ३ सय ४४ रोपनीमा अर्थोडक्स चियाखेती विस्तार
- ८४ उद्योगमा ३.६८ अर्ब लगानी
- प्रतिकेजी औसत मूल्य ५४.९३ रुपैयाँ
- उद्योगको औसत क्षमता ५६.२१%

नयाँ पत्रिका

राष्ट्र बैंकले हालसालै गरेको एक अध्ययनले मुलुकमा उत्पादित चिया उद्योगको कुल बिक्री आयमा निर्यातको हिस्सा ८६.७२ प्रतिशत रहेको देखिएको छ । चिया उद्योगको प्रमुख आय अन्तर्राष्ट्रिय बजारबाट प्राप्त हुने भएकाले आर्थिक सफलता निर्यातमा निर्भर रहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

केन्द्रीय बैंकले कोशी प्रदेशमा उत्पादित चियाले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे गरेको अध्ययनमा चिया उत्पादन तथा प्रशोधनबाट दुई अर्ब ८३ करोड रुपैयाँको मूल्य अभिवृद्धिसमेत हुने गरेको औँल्याइएको छ । कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा चियाको हिस्सा ०.०५ प्रतिशत र कोशीको जिडिपीमा मात्रै ०.३३ प्रतिशत योगदान रहेको उल्लेख छ ।

कोशी प्रदेशमा हाल आर्गानिक सर्टिफाइड भएका २१ र नभएका ७९ गरी कुल एक सय अर्थोडक्स चिया प्रशोधन उद्योग सञ्चालनमा छन् । अध्ययनअनुसार अर्गानिक सर्टिफिकेसन लिएर २७ हजार सात सय ८८ रोपनी क्षेत्रफलमा र अर्गानिक सर्टिफिकेसन नलिई एक लाख ४७ हजार पाँच सय ५६ रोपनी क्षेत्रफलमा गरी कुल एक लाख ७५ हजार तीन सय ४४ रोपनी क्षेत्रफलमा अर्थोडक्स चियाखेती हुने गरेको छ ।

आर्थिक वर्ष ०७९/८० मा कुल ७८ लाख ३८ हजार नौ सय ४६ केजी प्रशोधित अर्थोडक्स चिया उत्पादन भएकोमा अर्गानिक सर्टिफाइड चियाको हिस्सा ११.९ प्रतिशत र अनसर्टिफाइड चियाको हिस्सा ८८.१ प्रतिशत छ ।

अध्ययनमा सहभागी ८४ अर्थोडक्स चिया उद्योगहरूमा कुल लगानी तीन अर्ब ६८ करोड ७४ लाख रहेको र त्यसमध्ये ३६.४ प्रतिशत हिस्सा ऋणको तथा ६३.६ प्रतिशत हिस्सा स्वपुँजी रहेको अध्ययनका क्रममा भेटिएको छ । दुईवटा उद्योगमा मात्रै वैदेशिक लगानी छ ।

अध्ययनमा सहभागी अर्थोडक्स चिया उद्योगहरूले व्यक्तिगत किसान, किसान समूह, सहकारीबाट खरिद गर्ने तथा आफ्नै बगानबाट उत्पादन गर्ने हरियो पत्ताको प्रतिकेजी औसत खरिद मूल्य ५४.९३ छ । यसमा अर्गानिक सर्टिफाइडको ८७ रुपैयाँ र अनसर्टिफाइड अर्थोडक्स चिया उद्योगहरूको प्रतिकेजी औसत खरिद मूल्य क्रमशः ४९.३५ रुपैयाँ पर्ने गरेको प्रतिवेदनमा उल्लेख छ ।

अर्थोडक्स चियाको तेह्रो मुलुकमा निर्यात २१.६३ प्रतिशत रहेको छ भने अर्गानिक अनसर्टिफाइड अर्थोडक्स चियाको तेह्रो मुलुकमा निर्यात न्यून मात्रामा छ । ०७९/८० मा कोशी प्रदेशमा सञ्चालित अर्थोडक्स चिया उद्योगहरूको औसत क्षमता उपयोग ५६.२१ प्रतिशत छ । उद्योगहरू कम क्षमतामा सञ्चालन हुनुको प्रमुख कारणमा कच्चा पदार्थको अभाव, विद्युत् आपूर्तिमा अनियमितता, प्राविधिक र दक्ष जनशक्तिको अभाव, मागमा कमी रहेको अध्ययनको निष्कर्ष छ ।

बेथितिका ४८ उजुरीमाथि एकसाथ छानबिन गर्दै सार्वजनिक लेखा समिति

आठ महिनादेखि थुप्रिएका उजुरी फर्स्यौट गर्न लेखा समितिको सक्रियता, गठन गऱ्यो ७ उपसमिति

पवन तिमिल्सिना/नयाँ पत्रिका

संसद्को सार्वजनिक लेखा समितिले एकसाथ ४८ वटा उजुरीमाथि छानबिन गर्न सातवटा उपसमिति बनाएको छ । उपसमितिलाई १५ दिनभित्र उजुरीबारे छानबिन गरी निष्कर्ष निकाल्न समय दिइएको समितिका सभापति ऋषिकेश पोखरेलले जानकारी दिए ।

सात दिनभित्र उजुरीसँग सम्बन्धित निकायबाट कागजात मगाउने र थप सात दिनभित्र उपसमितिले अध्ययन तथा छलफल गरेर निचोड निकाल्ने गरी समय दिइएको पोखरेलले जानकारी दिए । सार्वजनिक बेथितिबारे अध्ययन गरेर सचेत गराउने तथा कारबाही सिफारिस गर्ने समितिमा एक सय १४ वटा उजुरी दर्ता भए पनि बैठक बसेर अनुसन्धान प्रक्रिया अघि नबढाएको भन्दै चौतर्फी आरोप लागेको थियो । त्यसपछि शुक्रबार डाकिएको बैठकमा दर्ता भएका उजुरीमध्ये ४८ वटालाई छानबिनयोग्य ठहर गरिएको हो ।

यसबाहेक थप १६ वटा उजुरीबारे पनि आवश्यक अध्ययन गर्न काग्रेस सांसद सञ्जयकुमार गौतमको संयोजकत्वमा अर्को समिति बनाइएको छ । यसबाहेकका उजुरी भने अख्तियारले छानबिन गरिरहेको, अदालतमा मुद्दा चलिरहेको, उजुरीमा लगाइएको आरोप आग्रह र पूर्वाग्रहबाट मात्र प्रेरित देखिएको, समितिको कार्यक्षेत्रभित्र नपरेका तथा उजुरीमा सत्यताको अंश कमजोर भएको समितिको भनाइ छ ।

समिति बैठकमा अधिकांश सांसदले प्राप्त उजुरीलाई एक-एक गरेर अध्ययन गर्दा लामो समय लाग्ने राय दिएपछि एकमुस्ट अध्ययन गर्ने निर्णय भएको हो । समिति सदस्य तथा एमाले सांसद योगेश भट्टराईले छानबिनका लागि छनोट भएका उजुरी एकमुस्ट अध्ययन गर्नुपर्ने सुझाव दिएका थिए । 'सर्टीलिस्ट भएका जति पनि उजुरी छन्, यसलाई समितिको बैठकमा एक-एक गरेर टुंग्याउन खोज्ने हो भने लगातार तीन-चार महिनासम्म दैनिक बैठक बसे पनि सबै उजुरीलाई टुंगो लगाउन सकिँदैन,' उनले बैठकमा भने ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनीष झाले छानबिन गर्ने निर्णय भएबाहेकका उजुरीबारे पनि नागरिकलाई जानकारी दिनुपर्ने राय राखेका थिए । 'उजुरीकर्ताले हामीप्रति केही आस गरेर उजुरी दिएका छन् । त्यसैले उजुरीहरूलाई कुन-कुन उजुरी के कारणले छानबिन हुन सकेन भनेर जानकारी दियौँ भने अलि जिम्मेवारीपूर्ण हुन्छ,' उनले भने । रास्वपाका अर्का सांसद हरि ढकालले विगतका उपसमितिले तदारुकताका साथ काम नगरेको नियति नदोहोऱ्याउन सुझाव दिएका थिए । काग्रेस सांसद राजन केसीले उजुरीलाई सर्टीलिस्ट गरी एकमुस्ट छानबिन प्रक्रियामा लैजान ठिक भएको भन्दै समर्थन जनाएका थिए ।

यस्ता छन् उपसमितिमार्फत छानबिन हुन लागेका उजुरी

नेपाल स्काउट

- लैनचौरस्थित प्रधान कार्यालयको जग्गा ०६५ देखि खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिले १० वर्षका लागि भोगचलन गर्ने गरी सम्झौता गरे पनि फर्जी कागजात बनाई लिज सम्झौता १५ वर्ष कायम गरेको ।
- अदालतले समेत खड्का ल्यान्डलाई स्काउटको जग्गा खाली गर्न दिएको निर्देशन पालना नभएको ।

स्वास्थ्य

- स्वास्थ्य सेवा विभागले स्वास्थ्य सामग्री खरिद गर्दा नीतिगत भ्रष्टाचार गरेको, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले ठेक्कासम्बन्धी काममा भ्रष्टाचार गरेको ।

परराष्ट्र

- राहदानी विभागबाट इ-एमआरटिडी पासपोर्ट खरिदमा अनियमितता गरेको ।



खेलकुद परिषद्

- राष्ट्रिय खेलकुद परिषद्को बोलपत्रमा मिलेमतो तथा अनियमितता ।

गैरकानुनी बिमा

- पेट्रोलपम्प व्यवसायीले बिमाबापतको रकम दाखिला नगरी अपचलन गरेको ।

बाटो ग्राभेल

- महोत्तरीको पिपरा-४ स्थित मधेश प्रदेशको अनुदानमा सञ्चालित हजारी साहको घरदेखि कोची नदीको झोलुंगे पुलसम्म माटो ग्राभेल र पर्सा पुलदेखि वनखत नहरसम्मको बाटोमा माटो ग्राभेल गर्दा हानि-नोक्सानी पुऱ्याएको ।

पर्यटन मन्त्रालय

- व्यक्तिगत फाइदाका लागि संस्थालाई नोक्सानी गरी वायुसेवा निगमको कार्यकारी अध्यक्ष सुबराज अधिकारीले गरेको सम्पूर्ण काम-कारबाहीको अनुसन्धान गर्ने ।
- अदालतको अवहेलना गरी क्यासिनो सञ्चालन गर्न पूर्वस्वीकृतिपत्र जारी गरेको ।
- कानुनविपरीत क्यासिनोको प्रि-लाइसेन्स दिएको । लुम्बिनी विकास कोषको भ्रष्टाचार ।

नेपाल टेलिभिजन

- टेलिभिजनमा ग्राफिक्स मेसिन खरिदलगायतमा भएको भ्रष्टाचार ।

वैदेशिक रोजगार

- वैदेशिक रोजगार विभागले एक करोड २० लाखमा खरिद गरेको फरेन इम्प्लोयमेन्ट इनफर्मेसन म्यानेजमेन्ट सिस्टम सफ्टवेयर अपग्रेडका लागि कानुनविपरीत वैदेशिक रोजगार कल्याणकारी कोषको रकम चलाएको ।

अर्थ मन्त्रालय

- अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारीले आर्थिक ऐनले नदिएको अधिकार प्रयोग गरेर तेल र तेल उत्पादन कच्चा पदार्थमा भन्सार छुट दिएको ।
- चिया विकास निगमलाई निजीकरण गर्दा गलत टेन्डर गर्दा १९.५० करोड भ्रष्टाचार ।
- दिव्य रोजिन एन्ड टरपेनटाइनले पहुँचका भरमा सरकारलाई तिर्नुपर्ने रकम नतिरेको । गलत मनसाय राखेर नवीकरणको फाइल अघि बढाइएको ।
- भन्सार विभागको परिपत्र भन्सार कार्यालयहरूले पालना नगरेको ।

एमसिसी

- एमसिसीअन्तर्गतको विद्युत् प्रसारणलाइन निर्माणको परामर्शदाता नियुक्तिमा अनियमितता ।

क्रसर उद्योग

- क्रसर उद्योगलाई छानबिन गर्नुपर्ने,
- बस्तीबिचको कर्सर उद्योग बन्द गर्नुपर्ने ।

विद्युत् प्राधिकरण

- विद्युत् प्राधिकरणको एक अर्बभन्दा कम लागतको ठेक्कामा मिलेमतो ठेकेदार छनोट ।

फलामजन्य सामग्रीको रेट अस्वाभाविक रूपमा बढाई लागत अनुमान तयार गरिएको ।

- हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी विद्युत् नेपात-भारत विद्युत् व्यापार तथा प्रसारणलाइन निर्माणमा अनियमितता भएको ।
- प्राधिकरणमा सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णयअनुसार पुनः मूल्यांकन कार्य गर्दा साबिककै समितिबाट गराउनुपर्नेमा मिलेमतोमा नयाँ समिति गठन गरी भ्रष्टाचार गरेको ।
- प्राधिकरणका प्रबन्ध निर्देशकको पिपिएमओ घोटाला, नक्कली नाफालगायतमा अनुसन्धान ।
- डेडिकेटेड फिडर र टूक महसुल लाइन सम्बन्धमा भएको अनियमितता-भ्रष्टाचार छानबिन ।
- कर्णाली चिसापानी बहुउद्देश्यीयको विस्तृत इन्जिनियरिङ बोलपत्रमा छानबिन हुनुपर्ने ।

धितोपत्र बोर्ड

- प्रिमियम मूल्यमा साधारण सेयर जारी गर्न दिएर भ्रष्टाचार गरेको ।
- धितोपत्र बोर्डलगायतका निकायले रिलायन्स स्पिनिङ मिल्सको बुक बिल्डिङ विधिबाट प्राथमिक सेयर निष्कासन अनुमति दिँदा कानुनको गम्भीर उल्लंघन गरेको ।
- अन्नपूर्ण केबुलकार लिमिटेडको प्राथमिक सेयर निष्कासन गर्न अनधिकृत सहयोग गरेको ।
- कानुनविपरीत जारी गरिएको सर्वोत्तम सिमेन्टको बुक बिल्डिङ तत्काल रोक्का हुनुपर्ने ।
- उत्पादनमूलक कम्पनीको हकमा नेटवर्थभन्दा पनि कम्पनीको उत्पादनमूलक व्यवसाय, भविष्य र व्यवसायको प्रकृतिका आधारमा आईपिओ निष्कासन अनुमति दिने व्यवस्था लागू हुनुपर्ने ।

मोबाइल बैंकिङ

- मोबाइल बैंकिङ शुल्कबापत महँगो चार्ज लिँदै आएकाले छानबिन हुनुपर्ने ।

दूरसञ्चार

- मोबाइल नवीकरण दस्तुर सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणले गरेको पत्राचार कार्यान्वयन नगर्न तथा नवीकरण दस्तुरको विषयमा स्पष्ट नीतिगत व्यवस्था गर्न आवश्यक निर्देशन दिने ।
- टेलिकमको बिलिङ टेन्डरमा धाँधली भएको तथा सर्त उल्लंघन गरेर ग्लोबल टेन्डर गरेको ।

भैरहवा विमानस्थलको छानबिन संयोजक छाड्न योगेश भट्टराईलाई सुझाव

लेखा समितिले भैरहवा विमानस्थलमा अनियमितता भएको विषयमा गठन गरेको छानबिन समितिको संयोजकबाट योगेश भट्टराई हट्न एकीकृत समाजवादीका सांसद तथा पूर्वपर्यटनमन्त्री प्रेम आलेले सुझाव दिएका छन् ।



प्रेम आले, सांसद

भट्टराई पर्यटनमन्त्री रहेका वेला गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा निर्माणाधीन अवस्थामा थियो । अहिले सोही विषयमा छानबिन गर्दा स्वार्थ देखिने भएकाले संयोजक परिवर्तन गरेर प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्ने आलेको भनाइ छ । 'छानबिन र प्रतिवेदन बनाउँदै गर्दा स्वार्थको द्वन्द्व हुनुभएन । पहिले मन्त्री भएकालाई त्यस्तै प्रकृतिको छानबिनको संयोजक बनाएपछि शंका त हुन्छ नि,' शुक्रबारको बैठकमा आलेले भने, 'त्यसैले संयोजक परिवर्तन गरेर पनि कति दिनभित्र पूर्ण समितिमा प्रतिवेदन बुझाउने हो, गाइडलाइन तयार गरौं ।'

> "पहिले मन्त्री भएकालाई त्यस्तै प्रकृतिको छानबिनको संयोजक बनाएपछि शंका त हुन्छ नि । त्यसैले संयोजक परिवर्तन गरेर पनि कति दिनभित्र पूर्ण समितिमा प्रतिवेदन बुझाउने हो, गाइडलाइन तयार गरौं ।

भट्टराईलाई संयोजक छाड्न यसअघि पनि समिति बैठकमा आवाज उठेको थियो । अघिल्लो बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनीष झाले पूर्वपर्यटनमन्त्रीको हैसियतमा प्रतिवेदन लेख्दा स्वार्थ देखिने भन्दै ध्यानाकर्षण गराएका थिए । शुक्रबारको बैठकमा भट्टराईले पर्यटन मन्त्रालयको अनुभवकै आधारमा छानबिन समिति संयोजक दिइएको स्मरण गराएका थिए । भैरहवा र पोखरा विमानस्थलमा अनियमितता भएको उजुरी परेपछि आठ महिनाअघि उपसमिति गठन भएको थियो । दुवै उपसमितिलाई आगामी १५ दिनभित्र प्रतिवेदन दिन शुक्रबारको बैठकले निर्देशन पनि दिएको छ ।

तराईका फाँटमा स्ट्रबेरी खेती



शब्द/तस्बिर : विश्वराज पछ्लडङ्गया/नयाँ पत्रिका

बाँकेको बैजनाथ गाउँपालिका- १, च्यामाका ४६ वर्षीय सर्पराज बस्नेतले ६ कट्ठामा लगाएको स्ट्रबेरी खेती । सामान्यतया चिसो मौसममा उत्पादन हुने स्ट्रबेरी पछिल्लो समय तराईका फाँटमा पनि उब्जनी हुन थालेको छ । बस्नेतले ६ लाख लगानी गरी नौ हजार बोट लगाएका छन् । खेती राम्रो भएकाले पहिलो सिजनमै ३०-३५ क्विन्टल स्ट्रबेरी बिक्री हुने र तीन लाख मुनाफा हुने उनको हिसाब छ । हालसम्म पाँच क्विन्टल बिक्री गरिसकेको जानकारी दिए । उनले भारतको हिमाचलबाट ल्याएको बिरुवा रोपेका हुन् ।

'जिम्मेवारी पूरा गर्छौं'

काठमाडौं/ नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाले बिमा ऐनले निर्दिष्ट गरेका जिम्मेवारी पूरा गर्न कर्मचारी युनियनहरू, बिमकका संस्थाहरूलगायत सरोकारवाला सबैको भूमिका महत्त्वपूर्ण रहने बताएका छन् । अध्यक्ष ओझाले नेपाल बिमा प्राधिकरण कर्मचारी युनियनको विशेष अधिवेशनको उद्घाटन गर्दै बिमा क्षेत्रलाई सुव्यवस्थित रूपमा अगाडि बढाउने बताए ।

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

पदपूर्ती सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा भारत सरकार र हिमांचल प्रदेश सरकारको संयुक्त लगानीमा रहेको SJVN लिमिटेडको प्रवर्धित कम्पनी SJVN अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा. लि. (SAPDC), तुम्लिङटार मार्फत संखुवासभा जिल्लामा निर्माणाधीन ९०० मेगावाट क्षमताको अरुण-३ जलविद्युत आयोजनाको लागि करार सेवामा नर्स पदको पदपूर्ती गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

पद: नर्स

सि.नं.	समूह	आवश्क योग्यताहरु	आवश्यक पद संख्या
०१	नर्स	१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त विश्व विद्यालय/ शैक्षिक संस्था बाट कम्तीमा अ.न.मी/बिएससी नर्सिङ/बि.एन वा सो सरह उत्तीर्ण गरेको । २. **आवश्यक न्यूनतम कार्य अनुभव:** शैक्षिक तह उतीर्ण भए पश्चातको समयबाट गणना हुनेगरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा ३ बर्षको कार्य अनुभव भएको । ३. **उम्मेदवारको उमेरको हद:** १८ बर्ष उमेर पूरा भै ४० बर्ष ननाघेको ।	०१

विज्ञापन सम्बन्धि थप जानकारीका लागि SAPDC को वेभसाईट www.sapdc.com.np मा हेर्न सकिनेछ ।

(विभागीय प्रमुख)
मानव संशाधन विभाग, एसएपीडिसी
तुम्लिङटार, संखुवासभा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/१२/०५)

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको समयभित्र रीतपूर्वक पर्न आएका तपसिलमा उल्लेखित बोलपत्रदाताहरूको प्रस्ताव न्यूनतम मूल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा १ र २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	बोलपत्र नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (रकम)	कैफियत
१.	NAMS/NCB/ GOODS/ 81/82/30	Supply, Delivery & Installation of HD Video Gastroscope & HD Video Colonoscope	National Electro-Tech Pvt. Ltd., Kathmandu	रु. ५९,००,०००/- (अक्षेरुपी उनान्साठी लाख मात्र)	मू.अ.कर बाहेक
२.	NAMS/NCB/ GOODS/ 81/82/32	Supply, Delivery & Installation of 4K/UHD Minimally Invasive Surgery Tower System with Indocyanine Green (ICG) Fluoroscopy	Himalayan Medical Technologies Pvt. Ltd., Kathmandu	रु. १,४९,७८,३६७/२० (अक्षेरुपी एक करोड उनन्चास लाख अठहत्तर हजार तीनसय सत्सट्ठी पैसा बीस मात्र)	"
३.	NAMS/NCB/ GOODS/ 81/82/34	Supply & Delivery Plumbing Goods	Kathmandu Enterprises, Kathmandu	रु. २९,४४,७५६/२७ (अक्षेरुपी उनन्तीस लाख चौवालिस हजार सातसय छपन्न पैसा सत्ताईस मात्र)	मू.अ.कर सहित

खरिद इकाई

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७७
शनिबार ९ चैत ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

आजबाट १८औँ आइपिएल

इन्डियन प्रिमियर लिग (आइपिएल)को १८औँ संस्करण आजबाट सुरु हुँदै छ। उद्घाटन खेलमा कोलकाता नाइट राइडर्स र रोयल च्यालेन्जर्स बेंगलुरु (आरसिबी) भिड्नेछन्। घरेलु मैदानमा कोलकाता आरसिबीलाई हराउने दाउमा छ। आरसिबी पनि नयाँ कप्तानका साथ विजयी सुरुवात गर्ने दाउमा छ। उद्घाटन खेलअघि दुई टिमको हेड टु हेड हेर्दा आरसिबीभन्दा कोलकाता निकै बलियो देखिन्छ। पछिल्लो पाँचमध्ये चार खेलमा कोलकाता विजयी भएको छ। पछिल्लो तीन वर्षमा आरसिबीले एक खेल मात्रै जितेको छ। आयोजकले २५ मेमा हुने फाइनलअघि यस वर्ष प्रतियोगितालाई फरक बनाउने कोसिस गरेको छ। खेलाडीलाई हरेक खेलको भत्ता दिइनेछ। जुन लिलामीमा भएको मूल्यभन्दा फरक हुनेछ। यो भारतीय खेलाडीलाई मात्रै नभएर विदेशीलाई पनि हुनेछ। मेगा अक्सनबाट पन्जाब किंग्समा सबैभन्दा बढी २१ नयाँ खेलाडी रहेका छन्। कोलकातामा सबैभन्दा कम नयाँ खेलाडी आठजना मात्रै रहेका छन्। मेगा अक्सनमा १० टिमले ६३९.१५ करोड भारु खर्च गरे। जसमा एक सय ८२ खेलाडी किनबेच भएका थिए, जसमा भारतीय एक सय २० तथा विदेशी ६२ खेलाडी छन्।



नयाँ पाँच कप्तान

यसपटक लिगमा पाँच कप्तान परिवर्तन भएका छन्। सहभागी १० मध्ये नौ कप्तान भारतीय छन्। सन् २०१९ पछि एक मात्रै टिममा विदेशी कप्तान छन्। हैदराबादले कप्तानमा प्याट कमिन्सलाई जिम्मेवारी दिएको छ। १० कप्तानको उमेर औसतमा ३० वर्ष छ। गुजरातका कप्तान शुभमन गिलको उमेर सबैभन्दा कम २५ वर्ष छ भने कोलकाता नाइट राइडर्सका कप्तान अजिंक्या रहानेको उमेर सबैभन्दा बढी ३६ वर्ष छ।



अक्षर पटेल
(दिल्ली क्यापिटल्स)

दिल्ली क्यापिटल्सले अक्षर पटेललाई कीर्तिमानी १६.५० करोड भारुमा रिटेन गरेको हो। लेफ्टआर्म स्पिन बलिङ अलराउन्डर सन् २०१९ देखि नै दिल्लीसँग जोडिएका थिए। उनी यसै वर्षको जनवरीमा भारतीय टिमको उपकप्तान पनि बन्न सफल भए। ३१ वर्षीय खेलाडीले गुजरातबाट २३ खेलमा कप्तानी गरिसकेका छन्। यसअघि दिल्लीको कप्तान ऋषभ पन्त थिए। हाल उनी कीर्तिमानी मूल्यमा लखनउ सुपर जायन्ट्स पुगेका छन्। भारतको तीनै फर्म्याटको क्रिकेट खेलिसकेका अक्षरले ७१ टी-२० आईमा मात्रै पाँच सय ३५ रन बनाइसकेका छन्।



अजिंक्या रहाने
(कोलकाता)

अजिंक्या रहाने आइपिएलका लागि नयाँ नाम होइन। उनले यसअघि नै २५ खेलमा कप्तानी गरिसकेका छन्। तर, कोलकाताका लागि भने नयाँ कप्तान हुन्। पछिल्लोपटक श्रेयस अयर टोलीको कप्तान थिए। यसपटक उनी पन्जाब किंग्स पुगेपछि रहाने नयाँ कप्तान बनेका हुन्। रहानेले मुम्बईको पनि प्रतिनिधित्व गरिसकेका छन्। ३६ वर्षीय रहाने सबैभन्दा अनुभवी कप्तान पनि हुन्। रहानेले भारतका लागि २० टी-२० आई खेल्दा तीन सय ७५ रन बनाएका छन्। त्यस्तै, भारतका लागि ८५ टेस्ट र ९० एकदिवसीय खेल खेलिसकेका छन्।



ऋषभ पन्त
(लखनउ सुपर जायन्ट्स)

अघिल्लोपटक दिल्लीको कप्तान रहेका ऋषभ पन्त यसपटक लखनउ सुपर जायन्ट्ससँग कीर्तिमानी २७ करोड भारुमा अनुबन्ध भएका छन्। यसअघि टोलीको कप्तानमा केएल राहुल थिए। पन्त लिग इतिहासकै महँगा खेलाडी हुन्। उनी सन् २०२१ देखि २०२४ सम्म दिल्लीको कप्तानी थिए। उनको कप्तानीमा दिल्लीले ४३ मध्ये २३ खेल जितेको छ। उनी कार दुर्घटनापछि पुनः मैदान फर्किएका हुन्। त्यसपछि लगातार उच्च प्रदर्शन गरिरहेका छन्। भारतको प्रतिनिधित्व गर्दै तीनै फर्म्याटको खेल खेलिसकेका छन्।



श्रेयस अयर
(पन्जाब किंग्स)

पछिल्लोपटक कोलकातालाई आइपिएल च्याम्पियन बनाएका श्रेयस अयर पन्जाब किंग्सका १७औँ कप्तान हुन्। कोलकातालाई च्याम्पियन बनाएका श्रेयसलाई पन्जाबले २६.६५ करोड भारुमा किनेको हो। यसअघि शिखर धवन र साम करन पन्जाबका कप्तान थिए। श्रेयस भने दिल्ली र कोलकाताको कप्तान भइसकेका छन्। उनको कप्तानीमा टिमले ७० मध्ये ३८ खेल जितेको छ। ३० वर्षीय खेलाडीले भारतका लागि तीनै फर्म्याट खेलिसकेका छन्। टी-२० आईमा मात्रै ७० खेल खेल्दा दुई हजार आठ सय ४५ रन बनाएका छन्।



रजत पटिदार
(रोयल च्यालेन्ज बेंगलुरु)

रजत पटिदारले पहिलोपटक आइपिएलमा कुनै टिमको कप्तानी गर्दै छन्। पटिदारलाई कप्तानी जिम्मेवारी दिँदा टिमले विराट कोहलीलाई भने छाडेको छैन। विराटको कप्तानी खोसिएको छ। तर, यसअघि नै आरसिबीले दक्षिण अफ्रिकाका फाफ डु प्लेसिसलाई कप्तानी दिइसकेको छ। पटिदारले आफ्नो कप्तानीमा मध्य प्रदेश क्रिकेटलाई सैयद मुस्ताक अली टी-२० क्रिकेटको फाइनलमा पुऱ्याएका थिए। ३१ वर्षका पटिदार आरसिबीको आठौँ कप्तान हुन्। उनको कप्तानीमा आरसिबी पहिलो उपाधि उचाल्ने योजनामा छ।

एजेन्सीको सहयोगमा

आइपिएलका नयाँ पाँच नियम

१. यो आइपिएलमा स्लो ओभर रेटका लागि नयाँ व्यवस्था गरिएको छ। यसअघि ओभर स्लो गरिएको अवस्थामा कप्तानलाई निलम्बन गर्ने नियम थियो। यो आइपिएलमा कप्तानलाई निलम्बन नगर्ने, तर डिमेरिट अंक काटिने भएको छ। आयोजकले दश टिमका कप्तानलाई यो नियम सुनाइसकेको छ।

२. बिसिसिआईले धेरै कप्तानको गुनासोपछि आगामी सिजनमा बलमाथि थुक लगाउन पाउने नियम बनाएको छ। आइसिसी च्याम्पियन्स ट्रफीपछि बिसिसिआईले बलरलाई बलमा थुक लगाउन दिने पक्षमा पुगेको हो। कोभिड-१९ पछि बलमा थुक लगाउन नपाइने व्यवस्था थियो।

३. बिसिसिआईले यो सिजनको आइपिएल खेल जारी रहँदा दोस्रो बल प्रयोग गर्न पाउने नियम बनाएको छ। यसअघि खेल सुरु भएपछि रेफ्रीले दिएको सोही बललाई अन्तिमसम्म खेल्नुपर्ने बाध्य थियो। यसपटक धेरै समय रातमा खेल हुने र बल चिसो हुने हुँदा कप्तानको अनुरोधपछि बिसिसिआईले नयाँ बल प्रयोग गर्न दिने बताएको छ। त्यसका लागि ११ ओभरपछि अम्पायरले पुरानो बल चेक गर्नेछन् र बल झिकेको अवस्थामा मात्रै नयाँ बल प्रयोग गर्न दिनेछन्।

४. आइपिएलमा यसपटक वैकल्पिक खेलाडी राख्न पाउने नियम बनाएको छ। पछिल्लोपटक पनि यो नियम रहेको थियो। यो सिजन यसलाई निरन्तरता दिइएको छ। खेलअघि नै एक खेलाडीलाई वैकल्पिक सूचीमा राख्नुपर्ने हुन्छ। मैदानमा रहेका ११ मध्ये कुनै खेलाडीलाई केही भएको अवस्थामा वैकल्पिक खेलाडी मैदानमा प्रवेश गर्न पाउनेछन्। तर, यो नियममा कम खेल खेलेका खेलाडीलाई अवसर दिनुपर्नेछ।

५. आइपिएलको हरेक वाइट र हाइटमा डिआरएस निर्णय लागू गरिने भएको छ। अब, उचाइका कारण नो बल र अफ स्टम्पको बाहिर वाइटका लागि डिआरएस लागू भएको छ। यसले गर्दा अम्पायरलाई निर्णय लिन सहज हुने बिसिसिआईको बुझाइ छ।

१० टिमका कप्तान

कप्तान	उमेर	क्लब
सन्जु सामसन	३०	राजस्थान रोयल्स
अक्षर पटेल	३१	दिल्ली क्यापिटल्स
अजिंक्या रहाने	३६	कोलकाता नाइट राइडर्स
ऋषभ पन्त	२७	लखनउ सुपर जायन्ट्स
श्रेयस अयर	३०	पन्जाब किंग्स
रजत पटिदार	३१	रोयल च्यालेन्जर्स बेंगलुरु
शुभमन गिल	२५	गुजरात टाइटन्स
हार्दिक पान्ड्या	३१	मुम्बई इन्डियन्स
ऋतुराज गायकवाड	२८	चेन्नई सुपर किंग्स
प्याट कमिन्स	३१	सनराइजर्स हैदराबाद

हालसम्मका आइपिएल च्याम्पियन

नाम	वर्ष
चेन्नई सुपर किंग्स	२०१०, २०११, २०१८, २०२१, २०२३
मुम्बई इन्डियन्स	२०१३, २०१५, २०१७, २०१९, २०२०
कोलकाता नाइट राइडर्स	२०१२, २०१४, २०२४
राजस्थान रोयल्स	२००८
सनराइज हैदराबाद	२०१६
डेकन चार्जर्स	२००९
गुजरात टाइटन्स	२०२२

सिंगापुरविरुद्ध नेपालको ऐतिहासिक जितमा जिलेस्पी नायक



सिंगापुरलाई पहिलोपटक हराएपछि नेपाली दर्शकसँग सामूहिक तस्बिर खिचाउँदै नेपाली टिम। तस्बिर सौजन्य : सिंगापुर एफए

रमेश सुवेदी/नयाँ पत्रिका

स्ट्राइकर जिलेस्पीजंग कार्कीको निर्णायक गोलप्रेरित नेपालले सिंगापुरलाई पहिलोपटक हराएको छ। शुक्रबार सिंगापुरको घरेलु मैदानमा भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा जिलेस्पीले पहिलो हाफमै गरेको गोल निर्णायक बन्यो। नेपालले आफूभन्दा १५ स्थानमाथिको सिंगापुरविरुद्ध १-० को ऐतिहासिक जित निकालेको हो। हाल फिफा वरीयतामा सिंगापुर १६० र नेपाल १७५औँ स्थानमा छन्। कुनै पनि प्रतियोगितामा नेपालले सिंगापुरलाई हराएको यो नै पहिलोपटक हो। नेपालले ३६ वर्षपछि सिंगापुरसँग खेलेको थियो। यता, नेपाली टिमको यो लगातार दोस्रो जित पनि हो। यसअघि नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमै अफगानिस्तानलाई २-१ ले हराएको थियो।

यो जितसँगै नेपाली पुरुष राष्ट्रिय टिमलाई पहिलो खेल खेलाइरहेका अस्ट्रेलियन नागरिक म्याट रसले सुखद सुरुवात गरेका छन्। उनले आफ्नो पहिलो खेलमा रक्षक सुमन श्रेष्ठ र स्ट्राइकर सुवास बम ठकुरीलाई पनि डेब्यु गराए। उनले वाचाअनुसार नै नेपाली टिमलाई आक्रामक खेलाएर जित निकाल्न सफल भएका छन्। अब, नेपालले मंगलबार एएफसी एसिया कप छनोटमा मलेसियासँग खेल्ने तालिका छ।

यो लयलाई निरन्तरता दिनेछौँ

● **जिलेस्पीजंग कार्की**, खेलाडी



गोल गर्न सक्दा एकदमै खुसी छु। मेरो गोलभन्दा पनि सबै टिमले गर्दा जित निकालेको हो। यहाँ उपस्थित सबै समर्थकलाई धन्यवाद दिन चाहन्छु। यो जितको लय कायम राख्न मलेसियासँग खेल्नेछौँ। हामी जित्न नै खेलेका थियौँ। जित निकाल्दा खुसी छौँ। मलेसियासँग यही जोसका साथ खेल्नेछौँ र जित्नेछौँ।

३६ वर्षपछि भेट

पुरुष फुटबल टोलीले ३६ वर्षपछि बलियो सिंगापुरसँग मैत्रीपूर्ण खेल खेलेको हो। नेपाल र सिंगापुरले सन् १९८९ पछि प्रतिस्पर्धा गरेका हुन्। दुई टोलीबिच पहिलोपटक सन् १९८२ मा बैंककमा प्रतिस्पर्धा हुँदा नेपाल २-० ले पराजित भएको थियो। सन् १९८९ मा भएको विश्वकप छनोटमा नेपाल सिंगापुरसँग फेरि ३-० ले पराजित भयो। सन् १९९० मा इटालीमा भएको विश्वकपअन्तर्गत एसियन छनोटमा नेपाल सिंगापुरसँग ७-० ले पराजित भएको थियो।

१२औँ मिनेटमै नेपालको अग्रता

यसअघि तीन खेलमा १२ गोल व्यहोरेको नेपालले सिंगापुरविरुद्धको चौथो आधिकारिक भेटमा भने १२ औँ मिनेटमै अग्रता बनायो। मनीष डाँगीले मैदानको बायाँ भागबाट मिलाएको सुन्दर पासलाई पेनाल्टी बक्सभित्रबाट जिलेस्पीले उत्कृष्ट गोल गरे। ५५ हजार दर्शक क्षमताको रंगशालामा जिलेस्पीको प्रहारलाई सिंगापुरका गोलकिपर इजवान मोहबुदले रोक्नै सकेनन्। प्रशिक्षक रसले जिलेस्पीलाई ७२औँ मिनेटमा बाहिर पठाएका थिए। बाँकी समय सिंगापुरले नेपाललाई दबाबमा राखे पनि नेपालले रक्षापंक्ति बलियो बनायो। गोलकिपर तथा कप्तान किरणकुमार लिम्बूले आधा दर्जनभन्दा बढी प्रहार रोकेका थिए। किरणले वान भर्सेस वानमा पनि सिंगापुरको तीन अवसरलाई गोल हुनै दिएनन्।

सुमन र सुवासको डेब्यु

पहिलो खेल खेलाइरहेका मुख्य प्रशिक्षक म्याट रसले रक्षक सुमन श्रेष्ठ र स्ट्राइकर सुवास बम ठकुरीलाई डेब्यु गराएका छन्। रसले सुमनलाई प्लेइङ सेटमै मौका दिएका हुन्। विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबबाट घरेलु प्रतियोगिता खेल्दै आएका सुमनले पहिलो प्रयासमै डेब्युको अवसर पाएका हुन्। उनले ब्रिगेड ब्वाइज क्लबबाट ललित स्मृति यू-१८ युथ लिग जितिसकेका छन्। सुमनले ६० मिनेट मैदानमा बिताएपछि उनको स्थानमा अभिषेक लिम्बू मैदान प्रवेश गरेका थिए।

सुवासले खेलको ७२औँ मिनेटमा जिलेस्पीकै स्थानमा डेब्यु पाए। नेपाल पुलिस क्लबलाई यू-१८ लिग जिताएका सुवास पहिलो अवसरमै डेब्यु गर्न सफल भएका छन्। सुमन र सुवाससँगै प्रशिक्षक म्याटले गोलकिपर एन्जल श्रेष्ठलाई पहिलोपटक राष्ट्रिय टिममा समावेश गराएका थिए।

प्रशिक्षक रसले प्लेइङ ११ मा कप्तान किरणकुमारलाई गोलपोस्टको जिम्मेवारी दिएका थिए। रक्षापंक्तिको जिम्मेवारी अनन्त तामाङ, सनिश श्रेष्ठ, रोहित चन्दले पाउँदा मिडफिल्डरमा सुमित श्रेष्ठ, एरिक विष्ट, मनीष डाँगी र आयुश घलानले अवसर पाए। नेपालले अग्रपंक्तिको जिम्मेवारी अञ्जन विष्ट र जिलेस्पीजंग कार्कीलाई सुम्पिएको थियो। दोस्रो हाफमा प्रशिक्षक म्याटले विमल पाण्डे, रोहन कार्की, लोकन लिम्बू, सुवास, अभिषेक, कृतिशरत्न छन्जू र मणिकुमार लामालाई मैदान पठाएका थिए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

खेल संक्षेप

धर्मश्री खेल्ने खेलाडीको नाम टुंगो लाग्यो

काठमाडौं/ मिस्टर धर्मश्रीको प्रिजजिङ राउन्ड सम्पन्न भएको छ। नेपालको जेठो व्यायामशाला नेपाल व्यायाम मन्दिरको आयोजनामा शनिबार हुने प्रतियोगिताका लागि खेलाडी छनोट भएका हुन्। प्रिजजिङ राउन्डबाट ६० केजी तौलतर्फ नेपाल व्यायाम मन्दिरका सुरेन्द्रप्रसाद वर्मा, रत्नश्री जिम पोखराबाट सुजन थापा, उज्ज्वल जिम भक्तपुरबाट नरेश दिवाकर, नर्भ द फिटनेसबाट सिद्धान्त जस रोटिया, मेटल फिटनेस कागेश्वरीबाट किशनदास दिवाकर र बिएन्डएल फिटनेस स्टेसनबाट धर्मराज खापुङ अन्तिम चरणका लागि छनोट भएका छन्। ६५ केजीमा अजय मलिक, सुरेश मुनिकार, माधव सुवेदी, मिलन राई, क्षितिज थापा र नवराज डुम्रे छनोट भएका छन्। ७० केजी तौलसमूहमा अतिश बज्राचार्य, आशिष देवा, कविराज कटुवाल, दीपजंग रोकामगर, उपेश सापकोटा र अशिमबाबु गुरुङ छनोट भएका छन्। ७५ केजीमा मनोश श्रेष्ठ, विनोद सुनार, सन्तोष श्रेष्ठ, ब्रिखमान गुरुङ, पुष्प शंकर र मरिचमान लामा रहेका छन्। ८० केजीमा आदित्य ठाकुर, सञ्जीव श्रेष्ठ, अनिश थापा, शिरीष थापामगर, विक्रम गोपाली र ललित धिमाल रहेका छन्। यस्तै, ८० केजीमाथिको तौलमा ग्रेस महर्जन, सुवास श्रेष्ठ, उमेश राई, सागर श्रेष्ठ, कुशलप्रसाद गुरुङ र रामशरण महर्जन रहेका छन्। प्रत्येक तौलसमूहको विजेताबिच ओभरअलमा मिस्टर धर्मश्रीका लागि प्रतिस्पर्धा गराइनेछ। जसका विजेताले ११ किलो वजन रहेको ट्रफीसहित नगद १२ लाख पाप्त गर्नेछन्। त्यस्तै, दोस्रो हुनेले ६ लाख, तेस्रो हुनेले तीन लाख, चौथो हुनेले दुई लाख, पाँचौँ हुनेले एक लाख ८० हजार र छैटौँ हुनेले एक लाख ५० हजार प्राप्त गर्नेछन्। त्यस्तै, महिला खुलातर्फ रिपु घर्ती, शान्ता पालिखे, शिला ठकुरी, उर्मिला श्रेष्ठ, तारा खाइजू र सोफिया कार्की शाहले अन्तिम चरणमा स्थान बनाएका छन्। १७औँ धर्मश्रीको मुख्य प्रायोजकमा काठमाडौं महानगरपालिका रहेको छ।

नेपालको युवा टोलीले दिल्लीको क्रिकेट टिमसँग खेल्ने

काठमाडौं/ आइसिसी यू-१९ विश्वकप छनोटको तयारीस्वरूप नेपाली युवा क्रिकेट टोलीले भारतको प्रान्तीय टिम दिल्लीसँग अभ्यास खेल खेल्ने भएको छ। शुक्रबार नेपाल क्रिकेट संघ (क्यान)ले नेपालले तीन खेलको अभ्यास शृंखला खेल्ने जानकारी दियो। क्यानका अनुसार शृंखला चैत १२ देखि १६ गतेसम्म वीरगन्जस्थित नारायणी क्रिकेट रंगशालमा हुनेछ। पहिलो खेल चैत १२, दोस्रो खेल चैत १४ र तेस्रो तथा अन्तिम खेल चैत १६ गते हुनेछ। त्यसपछि नेपालले चैत २१ गतेदेखि अफगानिस्तानको यू-१९ टोलीसँग तीन खेलको एकदिवसीय शृंखला खेल्नेछ। यू-१९ विश्वकप एसिया छनोट अप्रिल १२ देखि २१ सम्म काठमाडौंमा हुने तय छ। छनोटमा नेपालसहित अफगानिस्तान, हङकङ, ओमान र संयुक्त अरब इमिरेट्स (युएई)ले सहभागिता जनाउनेछन्।

कर्णालीसँग मधेशको पहिलो हार



नयाँ पत्रिका

कर्णाली प्रदेशले प्रधानमन्त्री कप राष्ट्रिय पुरुष एकदिवसीय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशलाई पहिलोपटक हराएको छ। शुक्रबार भैरहवाको एक्ट्राटेक ओभलमा कर्णालीले मधेश प्रदेशलाई ८१ रनले हरायो। टस जितेर ब्याटिङ रोजेको कर्णालीले ४९.२ ओभरमा सबै विकेट गुमाउँदै दुई सय २१ रनको लक्ष्य प्रस्तुत गऱ्यो। प्रत्युत्तरमा मधेशले ३५.२ ओभरमा सबै विकेट गुमाउँदा एक सय ३९ रन मात्रै बनायो। कर्णालीको यो लगातार दोस्रो जित हो। चौथो जितसँगै सात खेलमा आठ अंक जोडेको कर्णाली चौथो स्थानमा उक्लिएको छ। चौथो हारपछि मधेश ६ खेलबाट चार अंकका साथ सातौँ स्थानमा छ।

मधेशका लागि रूपेश सिंहले ३०, विशाल पटेलले २५, हरिशंकर साहले १८ र शैलेन्द्र साहले १० रन बनाए। कर्णालीका लागि दिनेश अधिकारीले चार, दीपेन्द्र रावतले तीन, प्रकाश जैसीले दुई र सुनील धमलाले एक विकेट लिएका थिए। त्यसअघि कर्णालीका लागि दीपेन्द्र रावलले ९२ बलमा ६ चौकासहित सर्वाधिक ६१ रन बनाएका हुन्। अर्जुन घर्तीले २६, दिनेश अधिकारीले २४, प्रकाश जैसीले २०, कप्तान दिवान पुनले अविजित १८ र रवीन्द्र शाहीले १३ रनको योगदान गरेका हुन्। सातौँ विकेटका लागि दीपेन्द्र र दिनेशले ६० रनको साझेदारी गरे। मधेशका लागि रूपेश सिंह, रञ्जित कुमार, हरिशंकर साह, कमल गुप्ता र कप्तान अनिल साहले समान दुई विकेट लिएका थिए।

एपिएफको चौथो जित

विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले प्रतियोगितामा चौथो जित निकालेको छ। सिद्धार्थनगर क्रिकेट मैदानमा एपिएफले सुदूरपश्चिम प्रदेशलाई तीन विकेटले हरायो। टस जितेर ब्याटिङ रोजेको सुदूरपश्चिमले ४८.५ ओभरमा सबै विकेट गुमाउँदै एक सय ९२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा एपिएफले ३६.३ ओभरमा सात विकेट गुमाउँदै जित निकाल्यो। जितसँगै ६ खेलमा आठ अंक जोडेको एपिएफ तेस्रो स्थानमा उक्लिएको छ। पराजित सुदूरपश्चिम सात खेलबाट चार अंकका साथ छैटौँ स्थानमा छ।

एपिएफका लागि सन्दीप जोराले ६८ बलमा पाँच चौकासहित सर्वाधिक ५१ रनको योगदान गरेका थिए। आसिफ सेखले ३२, लोकेश बमले १९, भुवन कार्की तथा कप्तान रोहितकुमार पौडेलले १४ र सुमित महर्जनले १२ रनको योगदान गरेका थिए। तेस्रो विकेटका लागि सन्दीप र आसिफले ५० रनको साझेदारी गरे। सुदूरपश्चिमका लागि शेर मल्ल, विकास आग्री र कप्तान नारायण जोशीले समान दुई विकेट लिए।

त्यसअघि सुदूरपश्चिमका लागि निश्चल खत्रीले ९२ बलमा आठ चौका र एक छक्कासहित सर्वाधिक ५७ रन बनाएका थिए। प्रकाश पाण्डेले ४२, किरण ठगुन्नाले १२, शेर मल्लले ११ तथा सुनील चन्द र हेमन्त धामीले समान १० रन बनाए। तेस्रो विकेटका लागि निश्चल र प्रकाशले ९२ रनको साझेदारी गरे। एपिएफका लागि रोहितकुमार पौडेल र अमरसिंह रउटेलाले समान तीन, भुवन कार्कीले दुई र अभिषेक गौतमले एक विकेट लिएका थिए।

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।




बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com